# लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

**कार्यालयको नाम:–** श्री जिल्ला विकास समितिको कार्यालय, भक्तपुर ।

**कार्यालय प्रमुख:–** स्था.वि.अ.श्री राजेन्द्रकुमार केसी (२०६८।२।६–०७१।२।६)
स्था.वि. अ. श्री अर्जुनकुमार थापा (२०७१।२।७-२०७१।६।२६)
स्था.वि.अ. श्री पशुपतिबाबु पुरी (हालसम्म)

**आर्थिक वर्ष** – २०७०।७१

**लेखा प्रमुख:–** लेखा अधिकृत श्री रमेशराज पौडेल (२०६९।१०।९ देखी हालसम्म)

**बजेट उपशीर्षक नं.:–** विभिन्न

## आर्थिक कारोबारको संक्षिप्त स्थिति

| सि.नं. | वजेट उपशिर्षक नम्वर | गत वर्षको जिम्मेवारी | यस वर्षको आम्दानी | जम्मा आम्दानी | खर्च | बाकी | खर्च मध्ये पेश्की वांकी |
|---|---|---|---|---|---|---|---|
| १. | जि.वि.स. कोष | १७०,६०१,८६९।४३ | ३६१२६७८६५।२६ | ५३१,८६९,७३४।६९ | ३४०८०१८५९।४४ | १९१,०६७,८७५।२४ | |

लेखापरीक्षणको क्रममा असूल गर्नुपर्ने देखिएको रु ७३५०।०० ने.बै.लि.भक्तपुरको ५९९९९६५ बाट मिति २०७१।१२।९ मा ११५१२ मा दाखिला भएको छ। साथै, उपर्युक्त आर्थिक कारोवारको पूर्व स्वीकृत लेखापरीक्षण योजना तथा नमूना छनौटको आधारमा गरिएको लेखापरीक्षणबाट देखिएका व्यहोराको सम्बन्धमा कार्यालयका पदाधिकारीहरुसँग मिति २०७१।११।१२।१० मा छलफल गरी प्रारम्भिक प्रतिवेदनमा कायम गरिएका व्यहोराहरु देहायअनुसार छन् :-

**बजेट उपशीर्षक नं.**:विभिन्न **कार्यालय:–** श्री जिल्ला विकास समितिको कार्यालय, भक्तपुर । **आर्थिक वर्ष:–** २०७०।७१

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | **परिचय –** स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २३२ (२) बमोजिम जिल्ला विकास समिति, कास्कीको आर्थिक वर्ष २०७०।७१ को लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन तयार गरिएको छ । | | | |
| १ | | **आय–व्ययको स्थिति –** कार्यालयले लेखापरीक्षण टोलीलाई उपलव्ध गराएको एकिकृत आय व्यय विवरण अनुसार आ.व.२०७०।७१ को आय–व्ययको स्थिति निम्नानुसार रहेको छ : | | | |

| आय | रकम | व्यय | रकम |
|---|---|---|---|
| **गत सालको जिम्मेवारी** | **१७०,६०१,८६९।४३** | **वजेट खर्च नेपाल सरकार** | |
| **नेपाल सरकारको अनुदान** | | चालु खर्च | १०८,५२२,८३५।९९ |
| चालु | १०८,५२२,८३५।९९ | पुंजीगत खर्च | ९६,८१३,३६४।३१ |
| पूंजिगत | ९६,८१३,३६४।३१ | **भारतीय दुतावासको खर्च** | |
| **आन्तरिक स्रोत** | | आन्तरीक तर्फको खर्च | ६१,९१८,०५८।४४ |
| (क) कर, दस्तुर, सेवा शुल्क र भाडा रु. | ५०,१०८,९६९।६० | अन्य खर्च ट्रान्सफर समेत | ६९,८४३,५४९।४३ |
| (ख) राजस्व वाँडफाँड रु. | १६,८४७,९६९।८० | धरौटी खर्च | ३,७०४,०५१।२८ |
| अन्य श्रोतको आम्दानी ट्रान्सफरवाट प्राप्त समेत | ८२,३६९,९७२।७५ | मौज्दात | **१९१,०६७,८७५।२४** |
| भारतीय सहयोग | | | |
| धरौटी | ६,६०४,७५२।८१ | | |
| **जम्मा** | **५३१,८६९,७३४।६९** | **जम्मा** | **५३१,८६९,७३४।६९** |

| क्र.सं. | ब.शी.नं. | ब.र.नं. | कार्यक्रम | विनियोजित | निकासा | खर्च | बांकि |
|---|---|---|---|---|---|---|---|
| | **पूजिगततर्फ–सशर्त** | | | | | | |
| १ | ३६५८०८३ | २६३२२ | स्थानीय यातायात पूर्वाधार क्षेत्रगत का. | १२,०००,०००।०० | १२,०००,०००।०० | ११,७९०,१५१।३४ | २०९,८४८।६६ |
| २ | ३६८५०९३ | २६३२२ | झोलुङ्गेपुल क्षेत्रगत कार्यक्रम | ४,०३६,०००।०० | ४,०३६,०००।०० | ६४९,२५१।०० | ३,३८६,७४९।०० |
| ३ | ३६५१०६३ | २६३२२ | उपेक्षित, उत्पिडित दलित उत्थान | २६५,०००।०० | २६५,०००।०० | २२५,०००।०० | ४०,०००।०० |
| ४ | ३६५८३७३ | २६३२२ | साना सिचाई, नदि नियन्त्रण र अन्य पूर्वाधार | २,५००,०००।०० | २,५००,०००।०० | २,०९१,५४८।०० | ४०८,४५२।०० |
| ५ | ३६५८०४३ | २६३२२ | ग्रामीण खानेपानी तथा सरसफाई | ७,३००,०००।०० | ७,३००,०००।०० | ७,२३३,७८७।०० | ६६,२१३।०० |

**बजेट उपशीर्षक नं.**:विभिन्न **कार्यालय:–** श्री जिल्ला विकास समितिको कार्यालय, भक्तपुर । **आर्थिक वर्ष:–** २०७०।७१

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | ३६५८३१३ | २६३२२ | स्थानीयस्तरका सडक पुलहरू तथा सामुदायिक पहंच | ६,६००,०००।०० | ६,६००,००० | ५,५२०,५८५।४७ | १,०७९,४१४।५३ |
| ७ | ३६५८०१३ | २६३२२ | जिविस अनुदान पूजिगत | ६,२००,०००।०० | ६,२००,०००।०० | ५,७८३,०३०।०० | ४१६,९७०।०० |
| ८ | ३६५८०१३ | २६३२२ | जिविस अनुदान पूजिगत | ७,०००,०००।०० | ७,०००,०००।०० | ६,९८१,०००।०० | १९,०००।०० |
| ९ | ३०८१०९३ | २६३२२ | रोयल्टी व्यवस्थापन तथा वितरण | ५,६००,०००।०० | ५,६००,००० | ५,६००,०००।०० | ०।०० |
| १० | ३६५१०१३ | २६३२२ | बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्वा विकास | १००,०००।०० | १००,०००।०० | १००,०००।०० | ०।०० |
| ११ | ३६५१०५३ | २६३२२ | आदिवासी जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान | १००,०००।०० | १००,०००।०० | १००,०००।०० | ०।०० |
| | | | **पूजिगत सशर्त जम्मा** | **५१,७०१,०००।००** | **५१,७०१,०००।००** | **४६,०७४,३५२।८१** | **५,६२६,६४७।१९** |
| | | | **निशर्त** | | | | |
| १ | ३६५८०२३ | २६३२१ | गाविस अनुदान | २४,७६०,०००।०० | २४,७६०,००० | २४,७६०,०००।०० | ०।०० |
| २ | ३६५८०१३ | २६३२१ | जिविस अनुदान पूजिगत | २६,०२२,०००।०० | २६,०२२,०००।०० | २५,९७९,०११।५० | ४२,९८८।५० |
| | | | **पूजिगत निशर्त जम्मा** | **५०,७८२,०००।००** | **५०,७८२,०००।००** | **५०,७३९,०११।५०** | **४२,९८८।५०** |
| | | | **पूजिगत कुल जम्मा** | **१०२,४८३,०००।००** | **१०२,४८३,०००।००** | **९६,८१३,३६४।३१** | **५,६६९,६३५।६९** |
| | **चालुतर्फ–सशर्त** | | | | | | |
| १ | ३६५०१५३ | २७१११ | जेष्ठ नागरिक अशक्त अपाङ लोपोन्मुख | ८६४२०८००।०० | ८६४२०८००।०० | ७७,४१६,३६५।०० | ९,००४,४३५।०० |
| २ | ३४९८०१३ | २२५२२ | स्थानीय शान्ति समिति | २४२,०००।०० | २४२,०००।०० | २४२,०००।०० | ०।०० |
| ३ | ३६५८०४३ | २११११ | ग्रामीण खानेपानी तथा सरसफाई | २४२,०००।०० | २४२,०००।०० | २०४,०७६।०० | ३७,९२४।०० |
| ४ | ३६५८०२३ | २६३११ | गाविस अनुदान | ६,६८०,०००।०० | ६,६८०,००० | ६,६८०,०००।०० | ०।०० |
| ५ | ३४९१०५३ | २६४१२ | शान्ति प्रक्रिया | ६२,५००।०० | ६२,५००।०० | ६२,५००।०० | ०।०० |
| ६ | ६०१०१४३ | २७३१३ | संचित विदा | १४०,१०३।०० | १४०,१०३।०० | १४०,१०३।०० | ०।०० |
| ७ | ३६५१०४३ | २६३१२ | स्थानीय निकाय वित्तीय आयोग | १३७,०००।०० | १३७,०००।०० | १२९,२०५।०० | ७,७९५।०० |
| | | | **चालु सशर्त जम्मा** | **९३,९२४,४०३।००** | **९३,९२४,४०३।००** | **८४,८७४,२४९।००** | **९,०५०,१५४।००** |
| | | | **निशर्त** | | | | |
| १ | ३६५८१९३ | २६३११ | स्थानीय शासन तथा सामुदायिक विकास | ५,४१२,०००।०० | ५,४१२,०००।०० | ४,४५६,८७४।०० | ९५५,१२६।०० |
| २ | ३६५८०१३ | २६३११ | जिविस अनुदान | १९,१९५,०००।०० | १९,१९५,०००।०० | १९,१९१,७१२।९९ | ३,२८७।०१ |
| | | | **चालु निशर्त जम्मा** | **२४,६०७,०००।००** | **२४,६०७,०००।००** | **२३,६४८,५८६।९९** | **९५८,४१३।०१** |
| | | | **चालु जम्मा** | **११८,५३१,४०३।००** | **११८,५३१,४०३।००** | **१०८,५२२,८३५।९९** | **१०,००८,५६७।०१** |
| | | | **कुल जम्मा** | **२२१,०१४,४०३।००** | **२२१,०१४,४०३।००** | **२०५,३३६,२००।३०** | **१५,६७८,२०२।७०** |

**बजेट उपशीर्षक नं.**:विभिन्न **कार्यालय:–** श्री जिल्ला विकास समितिको कार्यालय, भक्तपुर । **आर्थिक वर्ष:–** २०७०।७१

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं.र मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td></td><td>**राजस्व:**
<table>
<tr><th>सि.नं.</th><th>शिर्षक</th><th>आम्दानी</th><th>दाखिला</th></tr>
<tr><td>१.</td><td>१४५२१</td><td>१८००।००</td><td>१८००।००</td></tr>
<tr><td>२.</td><td>१४३१२</td><td>५०००।००</td><td>५०००।००</td></tr>
<tr><td>३.</td><td>१५११२</td><td>२५०००।००</td><td>२५०००।००</td></tr>
<tr><td>४.</td><td>१५११२</td><td>२७५००।००</td><td>२७५००।००</td></tr>
<tr><td colspan="2">**जम्मा**</td><td>**५९३००।००**</td><td>**३२४३१०३।२८**</td></tr>
</table></td><td></td><td></td><td></td></tr>
<tr><td>१.१</td><td></td><td>उपरोक्तानुसारको आय व्यय रकममा वर्तमान विकेन्द्रित व्यवस्था अनुसार जिल्लास्थित कार्यालयहरुलाई निकासा पठाएको रकम समावेश गरिएको छैन ।</td><td></td><td></td><td></td></tr>
<tr><td>१.२</td><td></td><td>**विद्युतिय लेखा सफ्टवेयर :** स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा ४८ (५) मा जिल्ला विकास समितिको आम्दानी खर्चको हिसाब कम्प्युटराइज्ड लेखा प्रणालीमा राख्नुपर्ने व्यवस्था छ । साथै, सार्वजनिक निकायले कागजात र अभिलेखको सही एवं समुचित तवरले सुरक्षण गर्नुको अलावा नीति निर्माण, प्रक्षेपण एवं पृष्ठपोषणका रुपमा उपयोग समेत गर्नुपर्दछ ।<br><br>कार्यालयले गत विगत वर्षदेखी आर्थिक प्रशासनसँग सम्बन्धित सूचना एवं तथ्यांकलाई मन्त्रालयले तोकेको कम्प्युटर सफ्टवेयरमा प्रविष्ट गर्ने गरेको भएतापनि विद्युतिय अभिलेख कार्यलाई थप र अतिरिक्त क्रियाकलापको रुपमा लिई भौचर उठाउने कार्य लिखित भौचर सार्ने गरेको, भौचर संख्या दोहोरो परेको, संशोधित भौचरहरुको अभिलेख नरहेको तथा लिखित भौचरको संख्या र मिति समेत अघि पछि गरेबाट बैंक नगदी किताबमा भौचरहरु क्रमश पोष्टीङ्ग भएको पाइएन । यसबाट विद्युतिय लेखा नतिजा भन्दा प्रक्रियामुखी हुने, आर्थिक अनुशासन कमजोर हुने, तथ्यांक एवं सुचनाहरु सुलभ तरिकाले उपलब्ध हुन नसक्दा कार्यप्रक्रिया झन्झटिलो हुने तथा विगतको सूचनाबाट पृष्ठपोषण समेत प्राप्त नहुने स्थिति पैदा हुन्छ । तसर्थ, कारोवारको लेखालाई विद्युतिय ढंगबाट सम्पादन गरी कार्यप्रक्रिया सरलीकरण र व्यवस्थीत गर्नुको साथसाथै प्रविष्ट भएका सूचनाको सुरक्षण सम्बन्धमा कार्यालय गम्भीर हुनुपर्ने देखिन्छ ।</td><td></td><td></td><td></td></tr>
<tr><td>१.३</td><td></td><td>**मूल कोष फिर्ता :** कार्यालयले आर्थिक वर्षको अन्त्यमा विभिन्न खातामा बचत रहेको रकमलाई मूल कोषमा फिर्ता गरेको रकम रु ९४८८२२०.९७ लाई आम्दानीको रुपमा लेखांकन गरेको छ । आर्थिक वर्षको अन्तमा मूल कोषमा फिर्ता गर्नुपर्ने नियमको व्यवस्थाको पालना गरेको कारण आम्दानी जनाईएको हो । यसरी कार्यालयले विभिन्न खातामा बचत रहेको रकमलाई आम्दानी बाँध्दा जिल्ला विकास समितिको कारोवारको परिमाण अवास्तविक हुन गई बढि कारोबार देखिन गएको छ । कार्यविधिमा मूल कोषमा फिर्ता गर्नुपर्ने प्रावधान रहेका कारण जिल्ला विकास समितिले यस्तो रकमलाई आम्दानी बाँधेको छ । अत: वास्तविक कारोवारलाई मात्र आम्दानी लेखांकन गर्ने गरी कार्यविधिमा आवश्यक व्यवस्था हुनुपर्दछ ।</td><td></td><td></td><td></td></tr>
</table>

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| १.४ | | **जनशक्ति व्यवस्थापन** : कार्यालयसँग कर्मचारीहरुको दरवन्दी विवरण र पदपूर्तिको स्थिति सम्बन्धमा आवश्यक विवरण माग गर्दा जिल्ला प्राविधिक कार्यालयमा कार्यरत जनशक्ति र गाउँ विकास समितिमा खटिएका निजामति कर्मचारीहरुलाई जिल्ला विकास समितिको कार्यालय मातहत रहने नरहने द्विविधा रहेको पाईयो । तथापी, कार्यालयले गाविस सचिव र जिल्ला प्राविधिक कार्यालयका कर्मचारीलाई तलव भत्ता भुक्तानि गरिरहेको छ । साथै, जिल्ला विकास समिति कोषतर्फका कर्मचारीलाई समेत प्राविधि कार्यालय अन्तर्गत कामकाज गर्नका लागि खटाएको छ । जिल्ला विकास समितिले उपलब्ध गराउने सेवा सुविधा प्राप्त गर्ने क्रममा जिविस मातहतकै कर्मचारी रहेको दावि प्राविधिक कार्यालयबाट हुने गरेको र कामकाजमा खटाउने क्रममा केन्द्रिय निकायले मात्रै कर्मचारी परिचालन गर्न सक्ने जवाफ प्राप्त हुने गरेको कारणले जनशक्ति व्यवस्थापनमा द्विविधा रहेको हो ।<br><br>त्यसैगरी, गाविस सचिवहरु राजपत्र अनंकित बहाल रहेकोमा जिविसले परिचालन गर्दै आएको तर राजपत्रांकित कर्मचारीहरुलाई नियक्ति, पदस्थापनाको वोधार्थ प्राप्त हुने, नयाँ नगरपालिका घोषणा भएपश्चात मन्त्रालयको निर्देशनबमोजिम कार्यालयले फाजिल दरवन्दीमा हाजिर गराइराखेको तर रमाना हुँदा स्थानीय विकास अधिकारीले रमाना पत्र दिने गरेको तथा तलव भत्ता समेत जिल्ला विकास समितिबाट लिने गरेको छ । स्थानीय विकास अधिकारीलाई प्राप्त हुने बजेट खर्च गर्ने अख्तियारीबाट तलव भत्ता लिने कर्मचारीको व्यवस्थापन मन्त्रालयले गर्दा जिल्ला विकास समितिप्रतिको उत्तरदायित्व कमजोर हुने सम्भावना रहन्छ । कर्मचारीको दरवन्दी,परिचालन र व्यवस्थापनका सम्बन्धमा सँलग्न निकायहरु स्पष्ट हुनु आवश्यक देखिएको छ । | | | |
| १.५ | | **बैंक हिसाव बिबरण** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४३(५) अनुसार जिल्ला विकास समितिको आफ्नो आम्दानीको रकम आगामी आर्थिक बर्षको लागि जिम्मेवारी सारी लेखा राख्नु पर्ने व्यवस्था छ । कार्यालयले पेश गरेको विवरणअनुसार ग-२-१ खातामा रु ५२९५३५।२२ बढी मौज्दात देखिएको तथा ग-२-२ खातामा रु ५२७५२८।५६ घटी देखिएबाट रु २००६।६६ बैंक हिसाब फरक देखिएको छ । खातामध्ये बढी मौज्दात र घटी मौज्दात देखिएको सम्बन्धमा कार्यालयले आम्दानी र श्रोतको हिसाब यकिन गरी पेश गर्नुपर्ने देखिएको रु | ५२७५२८.५६ | | |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | जिल्ला विकास समितिले नियमितरुपमा बैंक हिसाब समायोजन तयार नगर्नु, धेरै खाताहरु भएका कारण एक खातामा जम्मा हुनुपर्ने रकम अर्को खातामा जम्मा हुन जानु, सापटी कारोवार हुनु लगायतका कारण मौज्दात फरक पर्न गएको देखिन्छ । यसबाट जिल्ला विकास समितिको आर्थिक व्यवस्थापन जटिल र सन्देहात्मक हुनजान्छ । तसर्थ, नियमित बैंक समायोजन हिसाब तयार गरी मौज्दात फरक नहुने अवस्था सिर्जना गर्न कार्यालय संवेदनशिल हुनुपर्दछ । | | | |

२

**पेश्की –** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ (३) अनुसार पेश्की रकमको फांटवारी पेश गरी फछ्र्यौट गर्नु गराउनपर्ने व्यवस्था छ । कार्यालयबाट पेश भएको विवरण अनुसार जिल्ला विकास समिति कोषतर्फको गत वर्षको पेश्की जिम्मेवारी, यस वर्षको फर्छ्यौट लगायत, विगत वर्षको बांकी पेश्कीको विवरण निम्नानुसार रहेको छ ।

| विवरण | गत वर्षको पेश्की बांकी | यस वर्ष फछ्र्यौट | गत वर्षको बांकी | यस वर्षको थप | जम्मा |
|---|---|---|---|---|---|
| कर्मचारी | ५१५७५९।४६ | ३५०००।०० | ४८०७५९।४६ | ११७०००।०० | ५९७७५९।४६ |
| पदाधिकारी | ७१९५९२।९७ | २८०००।०० | ६९१५९२।९७ | ०।०० | ६९१५९२।९७ |
| अन्य | ४१६९९५८१।२२ | ९२३१४४।२१ | ४०७७६४३७।०१ | १६७८२२५।०० | ४२४५४६६२।०१ |
| **जम्मा:** | **४२९३४९३३।६५** | **९८६१४४।२१** | **४१९४८७८९।४४** | **१७९५२२५।००** | **४३७४४०१४।४४** |

साथै, कार्यालयको विभिन्न कार्यक्रमतर्फ निम्नानुसार पेश्की आ.व.को अन्त्यमा फछ्र्यौट भए गरेको देखिएन ।

| सि.नं | कार्यक्रम | व्यक्ति वा संस्थाको नाम | पेश्की रकम |
|---|---|---|---|
| १ | साना सिचाई नदि नियन्त्रण र अन्य पूर्वाधार | गौरीडोल सिचाई योजना | ३३०००.०० |
| | | सुन्डोल सिचाई योजना | ३३०००.०० |
| २ | झोलुङ्गेपुल क्षेत्रगत कार्यक्रम | दोर्खु ट्रस पुल निर्माण उ.स. | १९६१६६.०० |
| | | काडल ट्रस पुल निर्माण | १२९५५९.०० |
| ३ | जिविस अनुदान पुँजीगत | ब्रम्हकुमारी राजयोग उप | ३३०००.०० |
| | | ब्रम्हकुमारी राजयोग उप | ६६०००.०० |
| | | घनश्याम पोखरेलको घर | ३३०००.०० |
| | | ऐतिहासिक ढुंगेधारा निर्माण | १३२०००.०० |
| | | कृष्णबहादुर लामा-कर्मचारी | ३८०००.०० |
| | | टिकाथली जाने बाटो | ३३०००.०० |

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं.र मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td></td><td>
<table>
<tr><td></td><td></td><td>सुरेश भुजेल सिरुटार</td><td>५००००.००</td></tr>
<tr><td></td><td></td><td>तेलकोट भट्टेडाडा सडक</td><td>१३२०००.००</td></tr>
<tr><td></td><td></td><td>नेपाल पत्रकार महासंघ-अन्य संघ संस्था</td><td>६६०००.००</td></tr>
<tr><td>४</td><td>स्थनीय निकाय अन्य खाता</td><td>बज्रयोगिनी मन्दिर निर्माण</td><td>३३०००.००</td></tr>
<tr><td>५</td><td>जिविस कोष पूँजीगत</td><td>प्रकाश थापा-कर्मचारी</td><td>६००००.००</td></tr>
<tr><td></td><td></td><td>बक्रेश्वर ८ मन्दिरबाट तिमेल्सेना-उपभोक्ता समिति</td><td>३३०००.००</td></tr>
<tr><td></td><td></td><td>छत्पखु उकोलो ढलान-उपभोक्ता समिति</td><td>३३०००.००</td></tr>
<tr><td></td><td></td><td>जालपादेवी खानेपानी-उपभोक्ता समिति</td><td>५००००.००</td></tr>
<tr><td></td><td></td><td>खोलाचा उकालो बाटो-उपभोक्ता समिति</td><td>१३२०००.००</td></tr>
<tr><td></td><td></td><td>स्वीट सर्कल भक्तपुर-अन्य संघ संस्था</td><td>१५०००.००</td></tr>
<tr><td></td><td></td><td>भक्तपुर एफ.एम. १०५.४-अन्य संघ संस्था</td><td>३७५००.००</td></tr>
<tr><td></td><td></td><td>अपाङ्गता समन्वय समिति-अन्य संघ संस्था</td><td>३५००००.००</td></tr>
<tr><td></td><td></td><td>साहित्यिक सम्मान संगम-अन्य संघ संस्था</td><td>२००००.००</td></tr>
<tr><td></td><td>प्रकोप व्यवस्थापन कोष</td><td>आशाभक्त कम्पाखा</td><td>५०००.००</td></tr>
<tr><td></td><td>महिला तथा बालबालिका कोष</td><td>प्रकाश थापा</td><td>५२०००.००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>१७९५२२५.००</td></tr>
</table>
तोकिएको योजना मुताविक कार्यक्रम कार्यान्वयन नगर्ने एवं बर्षान्तमा पेश्की खर्च लेख्ने कारणले गर्दा यसरी पेश्की बाँकी रहन गएको देखिन्छ । यसबाट एकातर्फ आर्थिक ऐन नियमको परिपालना नहुने र अर्को तर्फ पेश्कीको मात्रा बढदै जान्छ । तसर्थ पेश्कीमा नियन्त्रण गरी बाँकी रहेको पेश्की अविलम्ब फछ्र्यौट गर्नु पर्ने देखिएको रु
</td><td>१७९५२२५.००</td><td></td><td></td></tr>
<tr><td>२.१</td><td></td><td>पेश्की सम्बन्धमा देखिएका अन्य व्यहोरा – स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ८२ (१) र (२) मा कार्यालयबाट पेश्की लिंदा कुन कामको निमित्त के कति रकम चाहिने हो त्यसको विवरण पेश गर्नुपर्ने र प्राप्त विवरणको आधारमा अधिकार प्राप्त अधिकारीले सम्बन्धित कामको लागि आवश्यक पर्ने रकमभन्दा बढी नहुने गरी पेश्की लिने कर्मचारीको हकमा पद र प्रयोजन तथा गैरकर्मचारीको हकमा त्यस्तो व्यक्तिको तीन पुस्ते स्थायी र अस्थायी ठेगाना समेत स्पष्ट खोली पेश्की दिनुपर्ने उल्लेख छ ।</td><td></td><td></td><td></td></tr>
</table>

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | कार्यालयले कर्मचारी, विभिन्न व्यक्ति र उपभोक्ता समितिको नाममा पेश्की उपलव्ध गराउंदा पेश्की लिनेको आवश्यक विवरण लगायत तीन पुस्ते स्थायी र अस्थायी ठेगाना उल्लेख गरेको पाइएन ।<br><br>आर्थिक प्रशासन शाखा लगायत कार्यालय प्रमुख, प्राविधिक कार्यालय प्रमुख लगायत समेतले पेश्की लिने, कार्यक्रम सञ्चालन गर्ने कार्यमा सहभागी रहेको पाइयो । पेश्की खातामा पनि यस किसिमको स्पष्ट विवरण राख्ने परिपाटी देखिएन । विगत वर्षमा उपलव्ध गराइएको पेश्की बांकी रकम समयमै ताकेता तथा कारबाही गरी असुल फछ्र्यौट गर्ने कार्यमा कार्यालय संवेदनशिल हुनुपर्ने देखिन्छ । | | | |
| ३ | | **धरौटीको मौज्दात फरक** – स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४३(५) अनुसार जिल्ला विकास समितिको आफ्नो आम्दानीको रकम आगामी आर्थिक बर्षको लागि जिम्मेवारी सारी लेखा राख्नु पर्ने व्यवस्था छ । कार्यालयबाट पेश भएको विवरण अनुसार गत वर्षको जिम्मेवारी रु ९१२८७९२.४६ रहेकोमा यो वर्ष सदर स्याहा भएको रु २३७५०००।००, धरौटी प्राप्त रु ५८३४७४७६५ र फिर्ता भएको रु ३४६६५५१।२८ भएको समेत आ.व.को अन्त्यमा श्रेस्ताअनुसार रु १११८०५९९।८२ हुनेमा बैंक बांकी रु ११२५९४८८।८३ रहेबाट बैंक मौज्दात रकम रु ७८५५९।०१ बढी देखिएकोमा लेखापरीक्षण अवधिमा रु ८००००।०० आम्दानी बांधेकोले बैकमा रु ११११।०० कम मौज्दात देखिएबाट रु २१११२०।०० फरक देखिएको छ ।<br>जिल्ला विकास समितिले नियमितरुपमा बैंक हिसाब समायोजन तयार नगरेको कारण मौज्दात फरक पर्न गएको देखिन्छ । यसरी बैंक समायोजन हिसाब तयार नगरी फरक मौज्दात देखाउनाले आर्थिक अभिलेख सारपूर्ण नहुने अवस्था रहन्छ । तसर्थ, धरौटी कारोवालाई आर्थिक ऐन नियम अनुकुल तुल्याई श्रेस्तामा भन्दा बैंकमा कम मौज्दात देखिएको रकम हिसाब मिलान गर्नुपर्ने रु | ११११.०० | | |
| ४ | | **आन्तरिक लेखापरीक्षण :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २३२ (१) मा जिल्ला विकास समितिको आन्तरिक लेखापरीक्षण आन्तरिक लेखापरीक्षण शाखाले गर्ने छ भन्ने उल्लेख छ । त्यस्तै स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ५७ अनुसूची ८० मा उल्लेख भएका जिल्लाको जिल्ला विकास समितिमा सहायक स्तर र अन्य जिल्लामा अधिकृतस्तरको कर्मचारी प्रमुख र आवश्यकतानुसार सहायक कर्मचारी सहितको आन्तरिक लेखापरीक्षण शाखा गठन गर्नु पर्ने व्यवस्था रहेको छ । सोही आधारमा आन्तरिक लेखापरीक्षण शाखा गठन गरी १ जना आ.ले.प. अधिकृत र १ जना सहायक सहित २ दरवन्दी रहेको छ । आ.ले.प.शाखाले नियमानुसार मासिक रुपमा आन्तरिक लेखापरीक्षण गरी समयमै प्रतिवेदन गर्न नसकेको तथा लेखापरीक्षण प्रतिवेदनले पेश्की बाहेक अन्य व्यहोरा उल्लेख गर्ने गरेको पाइएन ।<br>कार्यालयले आन्तरीक लेखापरीक्षण कार्यलाई महत्व नदिएको तथा जनशक्तिलाई अन्य कार्यमा सहभागी गराएका कारण यस्तो अवस्था सिर्जना भएको हो । | | | |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | अतः नियमको भावना अनुरुप आन्तरिक लेखापरीक्षण प्रत्येक महिना सम्पन्न गरी प्रतिवेदन दिने तथा लेखापरीक्षणबाट औंल्याइएका बेरुजू र तत्सम्बन्धमा भएका कारबाही र शाखाको धारणा अन्तिम लेखापरीक्षणको समयमा लिखित रुपमा पेश गर्नुपर्दछ ।<br>त्यसको अतिरिक्त आन्तरिक लेखापरीक्षणलाई थप प्रभावकारी वनाउन उक्त शाखाबाट नियमावलीले तोकेका देहायका कार्यहरु तोकेको समयमा हुनुपर्ने देखिन्छ ।<br>● जिल्ला विकास समिति अन्तर्गत विषयगत शाखा, गा.वि.स.का आय-व्यय र धरौटीको श्रेस्ता मासिक रुपमा लेखापरीक्षण गर्नुपर्दछ ।<br>● गाँउ विकास समिति र जिल्ला विकास समितिको आन्तरीक लेखापरीक्षण समयमै सम्पन्न गरि मन्त्रालयमा जानकारी गराउनुपर्दछ ।<br>● आन्तरीक लेखापरीक्षण शाखाले कार्यतालिका सहित लेखापरीक्षण गर्ने व्यवस्था गनुपर्दछ ।<br>● गाँउ विकास समितिहरुको बेरुजु लगतलाई थप व्यवस्थित र आधिकारीक अभिलेख राखी सम्परिक्षण गर्ने व्यवस्था अबिलम्ब हुनु पर्दछ ।<br>● लेखापरीक्षणको प्रतिवेदन समयमै गर्ने व्यवस्था गर्नुपर्दछ ।<br>● स्थानीय निकाय अर्न्तगतका कर्मचारीको वार्षिक तलबी प्रतिवेदन पारीत गरी लागू गर्ने तथा तलव भुक्तानीमा ग्रेड संख्यालाई त्रुटिरहित तुल्याउन आन्तरिक लेखापरीक्षण शाखाको अभिलेख व्यवस्थित गरि कर्मचारीहरुको ग्रेड संख्या दुरुस्त तुल्याउनुपर्दछ । | | | |
| ५ | | **अवण्डा –** स्थानीय स्वायत्त शासन ऐन, २०५६ को दफा १८८ अनुसार जिल्ला विकास समितिको बार्षिक बजेट योजना तथा कार्यक्रमहरु जिल्ला परिषद्बाट पारित गर्नुपर्ने व्यवस्था छ ।<br>यस जिल्ला विकास समितिको कार्यालयले आ.व.२०७०।७१ को लागि जिल्ला परिषद्बाट बजेट तथा कार्यक्रम स्वीकृति गर्दा निम्न कार्यक्रमहरुको लागि कार्यक्रमगत रुपमा बजेट बांडफांट नगरी एकमुष्ट रुपमा अवण्डा राखेको छ । | | | |

(रु.हजारमा)

| सिं.नं. | वजेट शिर्षक/क्षेत्र | कार्यक्रमको नाम | अवण्डा रकम |
|---|---|---|---|
| १. | आर्थिक विकास | कृषि प्रवर्द्धन कार्यक्रम | ३०० |
| | | पर्यटन प्रवर्द्धन कार्यक्रम | २०० |
| | | साना सिचाई निर्माण मर्मत सुधार | ८०० |
| | | महिला तथा वालबालिका लक्षित कार्यक्रम | ३०० |
| | | दलित वर्ग लक्षित कार्यक्रम | २५० |
| | | जनजाती तथा आदिवासी लक्षित कार्यक्रम | २५० |
| | | आर्थिक तथा सामाजिक रुपमा पिछडिएका वर्ग लक्षित कार्यक्रम | २५० |
| २. | सामाजिक विकास | विद्यालय सहयोग एवं शैक्षिक गतिविधि संचालन तथा प्रवर्द्धन कार्यक्रम | २००० |
| | | अपाङ्ग सशक्तिकरण सहयोग कार्यक्रम | ८०० |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|

| | | | |
|---|---|---|---|
| | | दलित वर्ग उत्थान एवं सशक्तिकरण | ५०० |
| | | जानजाती तथा आदिवासी उत्थान एवं सशक्तिकरण | ५०० |
| | | महिला सशक्तिकरण कार्यक्रम | ४०० |
| | | जिल्ला एड्स समन्वय समिति | ६०० |
| | | खेलकुदसम्बन्धी गतिविध संचालन एवं प्रवर्द्धन | २५० |
| | | सांस्कृतिक प्रवर्द्धन कार्यक्रम | ६०० |
| ३. | भौतिक पूर्वाधार निर्माण तथा विकास | सडक बोर्ड साझेदारी कार्यक्रम | १००० |
| | | गुणस्तर परीक्षण तथा इन्जिनियरिङ्ग | ३०० |
| | | उ.स.सँग ७०।३० को लागतमा साझेदारी | ३५०० |
| | | जिल्लास्तरीय सडक निर्माण सुधार | ५५०० |
| | | गाउँस्तरीय तथा अन्य सडक निर्माण | ४००० |
| | | विद्युत रोयल्टीबाट प्राप्त रकबाट योजना | १५०० |
| | | जनजाती वस्तीको लागि भौतिक निर्माण सुधार | ८०० |
| | | बालुवाबाट प्राप्त राजश्वबाट सडक तथा अन्य निर्माण सुधार | २००० |
| | | स्थानीय उपभोक्तासँग ५।५० मा लागत साझेदारी | १५०० |
| | | खुल्ला दिशामुक्त कार्यक्रमका लागि गाविसलाई अनुदान | १६०० |
| ४. | संस्थागत विकास, श्रोत परिचालन र सुशासन | सहभागितात्मक योजना तर्जुमा गोष्ठी | ३५० |
| | | योजनाको सुपरिवेक्षण, अनुगमन र मूल्यांकन | ३०० |
| | | विशेष स्वेच्छिक अवकाश व्यवस्थापन कार्यक्रम | १२८० |
| ५. | विविध कार्यक्रम | नगरपालिकासँग साझेदारी कार्यक्रम | ९०० |
| | | वस्तुगत सामान अनुदान वितरढा | १२०० |
| | | स्थानीय विकास कोषलाई समपूरक कोष | १००० |
| | | **जम्मा** | **३४७३०** |

लक्षित कार्यक्रम अनुसार बजेट विनियोजन नगरी अवण्डा शीर्षकमा एकमुष्ट रकम राख्नुमा कानूनको परिपालना नहुनु र स्वविबेकीय रुपमा योजना बांडफांड गर्ने वातावरण बनाउनु आदि कारण रहेका छन् ।

एकमुष्ठ शीर्षकमा रकम विनियोजन गर्दा पहुंच र प्रभावका आधारमा कार्यक्रमहरु सञ्चालन हुने, कुनै कार्यक्रममा आवश्यकताभन्दा बढी रकम खर्च हुनसक्ने र कुनैमा बजेटको अभाव भई कार्यक्रम नै अधुरो हुन सक्ने अवस्था रहन्छ । जिल्ला परिषद्बाटै क्रियाकलापगत रुपमा बजेट बांडफांड गरी लक्षित कार्यक्रमहरु समयमै सम्झौता गरी कार्यान्वयन हुने, पहुंच र प्रभावका आधारमा कार्यक्रम सञ्चालन नहुने, कार्यक्रम सञ्चालन गर्दा बजेटको सुनिश्चितता गर्न अवण्डा शिर्षकमा बजेट एकमुष्ट राख्ने प्रणालीको अन्त्य हुनु जरुरी छ ।

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| ६ | | **निर्णय कार्यान्वयन –** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६ (१) मा जिल्ला परिषद्बाट स्वीकृत कार्यक्रम र वजेटको सीमा भित्र रही अधिकार प्राप्त अधिकारीले निर्धारित कार्यमा रकम खर्च गर्नुपर्ने व्यबस्था रहेको छ । | | | |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | कार्यालयले यस वर्ष परिषद्बाट पारित नभई विभिन्न मितिमा बोर्डको निर्णयानुसार योजनागत लागत समेत नछुट्याई जिविस कोषबाट लागत व्यहोर्ने गरी निम्न योजना संख्या राखेको पाइयो । | | | |

| सि.नं. | योजना र कार्यक्रमको क्षेत्र | योजना संख्या |
|---|---|---|
| १ | विद्यालय सहयोग कार्यक्रम | २३ |
| २ | खानेपानी निर्माण कार्यक्रम | २४ |
| ३ | साना सिचाई सम्बन्धी कार्यक्रम | ७ |
| ४ | गाउँ स्तरीय अन्य सडक निर्माण | ३१ |
| ५ | आदिवासी जनजाती वस्ती भौतिक सुधार | ५ |
| ६ | दलित वस्ती भौतिक सुधार | ४ |
| ७ | विद्युत रोयल्टी | ५१ |
| ८ | वालुवा राजस्व | १३ |
| ९ | ५०।५० साझेदारी कार्यक्रम | ४ |
| १० | इट्टा भट्टाबाट प्राप्त रकमबाट योजना सञ्चालन | ४ |
| ११ | मठ मन्दिर पाटी पौवा सुधार | १० |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | योजना माग गर्ने लाभग्राही समूह, समुदाय एवं उपभोक्ता समूहलाई थोरै भए पनि रकम विनियोजन गरी काम गर्न दिन प्रवृत्तिका कारण यसरी रकम बांडफांड गरेको पाइन्छ । यसबाट योजनाको प्राथमिकीकरण तथा छनौट प्रक्रियालाई गरी व्यवस्थित कार्य गराउने प्रणालीमा असर पर्दछ । यस्तो अवण्डा रकम राखी पछि बांडफांड गर्ने प्रवृत्तिको अन्त्य गर्नुपर्दछ । | | | |
| ७ | | **लक्ष्य प्रगति सम्बन्धमा –** कार्यालयले निर्धारण गरेका लक्षित कार्यक्रमहरु तोकिएको समयमै सम्पन्न गर्नुपर्दछ । कार्यालयबाट प्राप्त प्रगती विवरण अनुसार कुल १८२ योजनामध्ये २ योजनामा २५ प्रतिशतभन्दा कम प्रगति देखिएको छ । योजनाहरु समयमै कार्यान्वयन गर्ने तथा यथासमयमै टुङ्गयाउन अनुगमन तथा निरीक्षण गरी शत प्रतिशत प्रगती हासिल गर्नेतर्फ कार्यालय थप सक्रिय हुनुपर्दछ। | | | |
| ८ | | **सोझै खरिद :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (४) मा सार्वजनिक निकायले पच्चीस हजार रुपैयाभन्दा बढी रकमको सोझै खरिद गर्दा मौजुदा सूचीमा रहेका कम्तीमा तीनवटा आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवा प्रदायकबाट लिखित रुपमा दरभाउपत्र वा प्रस्ताव माग गरी खरिद गर्नुपर्ने व्यवस्था छ । साथै, सोही नियमको उपनियम (६) मा खरिद ऐनको दफा ४१ (१) क र ङ को अवस्थामा बाहेक अन्य अवस्थामा गरिएको सोझै खरिदको हकमा सार्वजनिक निकायले त्यस्तो खरिदको प्रकृति, कारण र आधारसहीत निर्माण व्यवसायी, आपूर्तिकर्ता, परामर्शदाता वा सेवा प्रदायकको नाम खुलाई सार्वजनिक रुपमा सूचना प्रकाशन गर्नुपर्ने व्यवस्था समेत रहेको छ । | | | |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | कार्यालयले निम्नानुसारका कार्यक्रम/शीर्षक अन्तर्गत सोझै खरिद गर्दा व्यावसायी र आपूर्तिकर्ता कम्पनीहरुसँग प्रस्ताव माग गरी अन्तिम चौमासिकमा न्यून प्रतिस्पर्धाका आधारमा (१ प्रतिशत भन्दा कम) खरिद कार्य गरेको छ । | | | |

| सि.नं. | कार्यक्रमको नाम | सप्लायर्स वा निर्माण व्यावसायी | अन्तिम मूल्यांकन वा भुक्तानी रकम | लागत अनुमानको तुलनामा घटी प्रतिशत | विवरण |
|---|---|---|---|---|---|
| १. | ग्रामीण खानेपानी तथा सरसफाई कार्यक्रम | सिवानी निर्माण सेवा, भक्तपुर | ४८४४१९.१४ | ०.८१ | खा.पा.यो.निर्माण |
| २. | | एरिसा कन्स्ट्रक्सन प्रा.लि. | ४३५२५८.४१ | ०.४९ | शौचालय निर्माण |
| ३. | साना सिचाई नदी नियन्त्रण र अन्य पूर्वाधार | चमत्कार निर्माण सेवा, भक्तपुर | १४९५७३.४७ | ०.८१ | साना सिचाई |
| ४. | | बाबा कन्स्ट्रक्सन, पेप्सीकोला | ९८३८९.७८ | ०.८१ | सडक निर्माण |
| ५. | जिविस कोष पूँजीगत | बर्षा निर्माण सेवा, दधिकोट | १४७९०९.०० | ०.०८ | नाली निर्माण |
| ६. | जिविस कोष पूँजीगत | यू.के.निर्माण सेवा, गुण्डु | १०१९१९.०० | ०.०८ | सडक निर्माण |
| ७. | | माता चुनदेवी कन्स्ट्रक्सन | ७६१७७.२० | ०.७७ | प्राविधिक कार्यालय रंगरोगन |
| ८. | जिविस अनुदान पूँजीगत | जे एण्ड एस कन्स्ट्रक्सन, सुडाल | १९५६७१.७५ | ०.७५ | मन्दीर संरक्षण |
| ९. | | वि.जि.कन्स्ट्रक्सन | ११७१८६.४२ | ०.१ | सडक निर्माण |
| १०. | | रोचक कन्स्ट्रक्सन, भक्तपुर | ४९८४६५.६० | ०.१८ | सडक निर्माण |
| ११. | | न्यू दक्षिणकाली निर्माण सेवा, भक्तपुर | ४८२४५८.७० | ०.३२ | सडक निर्माण |
| १२. | | सूर्यविनायक गणेश निर्माण सेवा, भक्तपुर | २०१२३८.३१ | ०.१२४ | मर्मत तथा वाल निर्माण |
| १३. | | शिव सिद्धबाबा कन्स्ट्रक्सन | २०६२६७.२६ | ०.३६ | सडक निर्माण |
| १४. | स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम | ए. आर. कन्स्ट्रकसन, गुण्डु | ४९८६४४.३७ | ०.२३ | सडक निर्माण तथा मर्मत |
| १५. | | प्रशान्त एण्ड सुशान्त निर्माण सेवा, झौखेल | ४८३०८९.९३ | ०.८४ | सडक निर्माण |
| १६. | | बाराही अजिमा कन्स्ट्रक्सन, भक्तपुर | ११९७६८.८१ | ०.७० | नाली निर्माण |
| १७. | | बस्ताकोटी कन्स्ट्रक्सन, दुवाकोट | ४७७२५३.०१ | ०.२३ | ह्यूम पाइप राख्ने कार्य |
| १८. | | प्रधानाङ्ग एण्ड सन्स कम्पनी, भक्तपुर | ६४९४१.७९ | ०.२५ | नाली निर्माण |
| १९. | | माता चुनदेवी कन्स्ट्रक्सन, सिपाडोल | ४८२४९१.४० | ०.०८७ | पौवा ढलान, सोलिङ्ग |
| २०. | नदि नियन्त्रण र राजश्व | चित्रपुर गणेश निर्माण सेवा, भक्तपुर | ३००५२३.२७ | ०.१० | कुलो निर्माण |
| | | **जम्मा** | **५६२१६४६.६२** | | |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | कार्यालयले तोकिएका वा लक्षित कम्पनीबाट कार्य गर्न गराउन चाहेको कारण यसप्रकारको खरिद कार्य भएको देखिन्छ । यसबाट खरिद कार्यमा प्रतिस्पर्धा सिमित हुने तथा खरिद प्रक्रियामा त्रुटी हुनजान्छ । सार्वजनिक खरिद ऐन र नियमावलीले निर्दिष्ट गरेभन्दा बाहिर गई न्यून प्रतिस्पर्धा हुनेगरी अन्तिम चौमासिकमा खरिद कार्य गरे गराएको उपयुक्त देखिएन । | | | |
| ९ | | **आय ठेक्का सम्बन्धमा :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २१५, २१६, २१७, २१८ बमोजिम तोकिएको दरमा कर लगाउन पाउने व्यवस्था छ । साथै, स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १६७ बमोजिम स्थानीय निकायले आन्तरिक आय संकलनको लागि ठेक्का वन्दोवस्त गर्न सक्ने व्यवस्था छ । कार्यालयले यस आ.ब.मा लगाएका आय ठेक्काका सम्बन्धमा देखिएका समग्र व्यहोराहरु निम्नानुसार रहेका छन् :<br>**(क) कालो सूची :** कार्यालयले आय ठेक्का व्यवस्था गर्दा धेरै जसो ठेक्कामा प्रथम हुनेले ठेक्का सकार नगरी दोश्रो वा तेश्रोसँग सम्झौता गरी ठेक्का सञ्चालन गराएकोमा ठेक्का सकार नगर्नेलाई कालो सूचीमा राख्नका लागि सार्वजनिक खरिद अनुगमन कार्यालयमा लेखी पठाएको पाइएन । साथै, निजहरु जिल्ला विकास समितिले आव्हान गर्ने अन्य बोलपत्र, ठेक्का वा कोटेशनमा सहभागी हुन नसक्ने स्थिति तयार गरेको पाइएन ।<br><br>**(ख) किस्ता ढिलो बुझाएको :** कार्यालयले यस वर्ष ठेक्का व्यवस्था गरेका ठेक्कामध्ये निम्नानुसारका आय ठेक्कामा समयमा किस्ता नबुझाएको अवस्थामा सम्बन्धितबाट जरिवाना असुल गरेको पाइएन । समयमा किस्ता नबुझाएको अवस्थामा बैंक जमानतबाट रकम असुल नगरी ठेकेदारलाई ताकेता गरेको तर ढिला किस्ता बुझाएकोमा जरिवाना असुल नगरेकोले किस्ता ढिला बुझाउने निम्नानुसारका व्यावसायीबाट जरिवाना असुल गर्नुपर्ने रु | **१२४२७१.८४** | | |

| सि.नं. | ठेकेदारको नाम | ठेक्का | किस्ता बुझाउने अवधि | किस्ता बुझाएको मिति | ढिला किस्ता बुझाएको दिन | सम्झौता बमोजिमको किस्ता रकम | १० प्रतिशतले हुने जरिवाना |
|---|---|---|---|---|---|---|---|
| १ | कृष्णप्रसाद तिमिल्सीना | सूडाल नाकाबाट निकासी हूने ढूंगा कर | सम्झौता मिति | सम्झौता मिति | ० | ६३००००.०० | ०.०० |
| | | | मंसीर मसान्त | २०७०/१०/६ | ३६ | ६३००००.०० | ६०३०.०० |
| | | | चैत्र मसान्त | २०७१/३/१३ | ६३ | ५९२५०२.०० | ११८५०.०० |
| | | | | | | **जम्मा** | **१७८८०.००** |
| २ | सूवोधप्रसाद शाह, | ताथली नाकाबाट निकासी हूने पांगो कर असूल | सम्झौता मिति | सम्झौता मिति | ० | ५००४४८.०० | ०.०० |
| | | | पौष मसान्त | २०७०/१०/१० | १० | ४८५७२७.०० | १३३१.०० |
| | | | चैत्र मसान्त | २०७१/२/१८ | ४८ | ४८५७२७.०० | ६३८८.०० |
| | | | | | | **जम्मा** | **७७१९.००** |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | हरि चरण शाह | नहिटि नाका झौखेलबाट निकासी हूने बालूवा तथा माटो कर | सम्झौता मिति | सम्झौता मिति | ० | ४५३२२५.०० | ०.०० |
| | | | पौष मसान्त | २०७०/१०/१२ | १२ | ४३९८९३.०० | १४४६.०० |
| | | | चैत्र मसान्त | २०७१/२/१ | ३१ | ४३९८९३.०० | ३७३६.०० |
| | | | | | | **जम्मा** | **५१८२.००** |
| ४ | त्रिनेत्र कन्स्ट्रक्सन | निलबराही नाका र नेपाल इन्जिनिरियडसंगै को मनोहरा पूलबाट बालूवा माटो निकासी कर | सम्झौता मिति | सम्झौता मिति | ० | ३२३६६१३.८६ | ०.०० |
| | | | मंसीर मसान्त | २०७०/१०/१९ | ४९ | ३१४१४१९.३५ | ४५६४३.५० |
| | | | चैत्र मसान्त | २०७१/२/१६ | ४६ | ३१४१४१९.३५ | ९३४४.२३ |
| | | | | २०७१/२/२८ | ५८ | | १४३०१.०० |
| | | | | २०७१/२/३२ | ९० | | २४२०२.११ |
| | | | | | | **जम्मा** | **९३४९०.८४** |
| | | | | | | **कूल जम्मा** | **१२४२७१.८४** |

**(घ) आय ठेक्का प्रचलन :** कार्यालयले यस वर्ष ठेक्का व्यवस्था गरेका अधिकांश ठेक्का प्रक्रियाको शुरुवातमा व्यक्तिहरुले ठेक्काका लागि बोलपत्र पेश गरी व्यक्तिबाट पेश भएको कबुल अंकको तुलना गरी आय ठेक्का मूल्यांकन गरी ठेक्का स्वीकृत गरीसकेपछि ठेक्का सकार गर्ने व्यक्तिले पेश गरेको कम्पनीसँग सम्झौता गरी ठेक्का सञ्चालन गरेकोमा सम्बन्धित कम्पनी वा फर्मको कर चुक्ताको प्रमाणपत्र, नविकरण अवस्था तथा ठेक्काको आवेदन गर्ने व्यक्ति उक्त कम्पनी वा फर्ममा रहे नरहेको यकिन नगरी आय ठेक्का व्यवस्थापन गरेको पाइयो । यसबाट कार्यालयले सञ्चालन गर्ने आय ठेक्काहरु मू.अ.कर दर्ता नभएकासँग प्रक्रिया शुरु गरी कम्पनी वा फर्महरुसँग कारोवार गरेको देखिने तर व्यावसायीबाट संकलित मु.अ.कर रकम सम्बन्धित राजस्व कार्यालयमा दाखिला भए नभएको जानकारी समेत कार्यालयले नदिएको कारण सो रकम चुहावट हुने अवस्था देखिन्छ । आय ठेक्का प्रक्रियामा व्यक्तिबाट पेश भएका बोलपत्रको मूल्यांकन गरी पछि अर्कै कम्पनी वा फर्मसँग सम्झौता गर्ने विगत देखीको प्रचलनमा सुधार हुनुपर्दछ ।

कार्यालयले आय ठेक्का व्यवस्थापन कार्यलाई व्यवस्थित तवरले सञ्चालन नगरेका कारण यस्तो अवस्था सिर्जना भएको हो । यसबाट नियममा भएका व्यवस्थाको पालना नहुने तथा कर चुहावट हुने सम्भावना रहन्छ । अतः कार्यालयले स्थानीय निकाय आर्थिक प्रशासन नियमावली बमोजिम आय ठेक्का व्यवस्थापन गर्नेतर्फ कार्यालय थप सजग रहनुपर्दछ ।

| | | | | | |
|---|---|---|---|---|---|
| १० | | **आय ठेक्कामा मू.अ.कर -** मुल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १५ (३) अनुसार जिल्ला विकास समितिले आफ्नो आन्तरिक आयका ठेक्का पट्टाहरुमा असुल भएको रकममा १३ प्रतिशतले हिसाब गरि मु.अ.कर समेत असुल गर्नु पर्दछ । | | | |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | कार्यालयले ठेक्काको माध्यमबाट आय संकलन गरेकोमा विभिन्न ५ व्यावसायीबाट ठेक्का सम्झौता गर्दा १.५ प्रतिशतले हुन आउने कर रकम रु २३७६४८।१४ असुल गरी सम्बन्धित राजश्व कार्यालयमा दाखिला गरेको प्रमाण पेश गरेतापनी व्यावसायीबाट ठेक्का सम्झौता अंक बमोजिम संकलित मूल्य अभिवृद्धि कर रु २०८४७११।२० सम्बन्धित राजस्व कार्यालयमा दाखिला भएको प्रमाण पेश गरेको छैन ।<br><br>कार्यालयले ठेक्का बन्दोवस्त गर्दा मु.अ.करको हकमा तोकिएको शूल्क असुलीदरमा छुट्टै समावेश गरि ठेकेदारले स्वयमं उठाई सम्बन्धित निकायमा बझाउने व्यवस्था गरिएको जनाएतापनि पूर्वाधार उपयोग करको ठेक्कामा भएको कुल मूल्य अभिवृद्धि कर यकिन गरी राजश्व दाखिला गर्न चासो नदेखाएका कारण यस्तो हुन गएको देखिन्छ । यसबाट सरकारी राजस्व असुली न्यून हुन जानुका सम्बन्धित व्यवसायीबाट यथार्थ विवरण पेश नहुने सम्भावना समेत रहन्छ । तसर्थ, व्यावसायीबाट संकलित मु.अ.कर रकम राजश्व कार्यालयमा दाखिला भएको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुलउपर गर्नुपर्ने देखिएको रु | २०८४७११।२० | | |
| ११ | | **जिन्सी** – स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम २१४ मा कार्यालयले लगत खडा गरी राखिएको मालसामान के कस्तो अवस्थामा छ अधिकार प्राप्त अधिकारीले एक बर्षमा कम्तिमा एक पटक स्वयम वा मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य छुट्टै कर्मचारी वा प्राविधिकद्धारा निरीक्षण गरी वा गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लिई राख्नुपर्ने र निरीक्षण प्रतिवेदन प्राप्त भएपछि आम्दानी बाँध्न छुट भएका कुनै मालसामान भएमा मूल्य र विवरण खुलाई आम्दानी बाँध्न लगाउनुपर्ने व्यवस्था छ । यसैगरी निरिक्षण प्रतिवेदन प्राप्त भएपछि अधिकार प्राप्त अधिकारीले लिलाम गर्नुपर्ने मालसामान ६ महिनाभित्र र मर्मत सम्भार गर्नुपर्ने भए सोको लागि बजेट व्यवस्था गरी तीन महिनाभित्र गरी सक्नुपर्ने व्यवस्था छ । साथै सोही नियमावलीको नियम २१२ (१) अनुसार स्थानीय निकायमा रहेको र खरिद गरी वा हस्तान्तरण भई आएको सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको मालसामानको विवरण र मूल्य समेत खुलाई मालसामान प्राप्त भएको मितिले ७ दिनभित्र जिन्सी किताबमा आम्दानी बांधी लगत तयार गरी अद्यावधिक गर्ने व्यवस्था छ ।<br><br>कार्यालयले (आर्थिक बर्ष २०७०।७१) को जिन्सी निरीक्षणको प्रतिवेदन मिति २०७१।३।३१ मा प्राप्त भएकोमा प्रतिवेदनमा जिन्सी सहायक रजिष्टर नराखेकोले जिन्सी सामान उपयोगको अवस्था यकिन गर्न नसकेको, लिलाम तथा मिनाहा गर्नुपर्ने सामाग्रीहरु प्रक्रियामा लैजानुपर्ने तथा एकै व्यक्तिसँग २ वटा मोटरसाइकल रहेको, म.ले.प.फा.नं. ४७ मा राखिएका सामाग्रीको स्पेसिफिकेसन र ब्राण्ड नखुलेको खा.पा.नं. नखुलेको अवस्था पाइएकोले जिन्सी व्यवस्थापनलाई छरितो पार्ने तथा सरकारी सामग्री हानी नोक्सानी हुन नदिने सम्बन्धमा समयमै ध्यान पुग्नुपर्दछ । | | | |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| १२ | | **स्थलगत निरीक्षण :** स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को २०० बमोजिम स्वीकृत योजना सम्बन्धित निकायले कार्यतालिका बनाई कार्यान्वयन गर्नुका साथै सम्पन्न योजना सुचारुरुपले सञ्चालन गर्न उचित रेखदेख र सम्भार समेत गर्नुपर्ने व्यवस्था तथा स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा ४८ (६) ग बमोजिम लेखापरीक्षण टोली र कार्यालयका जिम्मेवारी पदाधिकारीका साथ जिल्ला विकास समितिको कार्यालय कास्कीले सम्पन्न गरेका निम्न कार्यक्रमहरुको लेखापरीक्षणका क्रममा स्थलगत अवलोकन व्यहोरा निम्नानुसार रहेको छ । | | | |

| सि.नं. | आयोजनाको नाम | लगत श्रोत | लागत रकम |
|---|---|---|---|
| १ | ब्रम्हायणी खोला पूल | स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम | १८३०१४७३.११ |
| २ | सैनिक शिक्षालय खरिपाटी छालिङ्ग गाविस भवन सडक | जिविस कोष पूँजीगत | ४७५५३९.९३ |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| १३ | | **योजना हस्तान्तरण –** जिल्ला विकास समिति अनुदान सञ्चालन कार्यविधि, २०६७ को दफा २६ (२) मा आयोजना सञ्चालन गर्ने निकायले सम्पन्न भईसकेका आयोजनाहरुको नियमित रेखदेख र मर्मत सम्भार कार्य आफैले गर्ने वा त्यस्ता आयोजनाको स्वामित्व समेत सम्बन्धित उपभोक्ता समिति, सामुदायिक संस्था वा गैर सरकारी संस्थालाई हस्तान्तरण गरी दीगो संचालन हुने व्यवस्था मिलाउनु पर्ने ब्यबस्था रहेको छ । कार्यालयले पेश गरेको विवरण अनुसार यो वर्ष संचालित ४०३ योजनामध्ये ३१८ योजना सम्पन्न भएको ६० योजना हस्तान्तरण हुन नसकेको र २५८ योजना हस्तान्तरण भएको जनाएतापनि कार्यसम्पन्न र फरफारकलाई नै योजना हस्तान्तरणको रुपमा लिएको पाइयो ।<br><br>कार्यालयले कम रकम विनियोजन गरेको तथा सम्पन्न योजनालाई हस्तान्तरण गर्ने पद्दतिको विकास नगरेको कारण कार्य सम्पन्न प्रतिवेदनलाई नै उपलब्धिको रुपमा लिँदा योजना हस्तान्तरण हुन नसकेको हो । सम्पन्न योजना हस्तान्तरण नगर्दा सम्बन्धित उपभोक्ता समिति एवं गै.स.स.लाई उक्त योजना प्रतिको अपनत्व बोध हुन नसकि आयोजनाको दीगोपना अनिश्चित हुने वातावरण सिर्जना हुदैन । कार्यालयले सम्पन्न योजनाहरु यथासक्य हस्तान्तरण गरी आयोजनाको मर्मत संभार समेतको जिम्मेवारी सम्बन्धित उपभोक्ता समिति र समुदायलाई दिनका लागि आगामी दिनमा यथेष्ट ध्यान पुऱ्याउनुपर्ने देखिन्छ । | | | |
| १४ | | **पाइपको मौज्दात –** कार्यालयले कुनै पनि कार्यका लागि आवश्यक पर्ने सामाग्रीहरूको पूर्ववत रूपमा माग सर्वेक्षण गरी अत्यधिक मौज्दात नरहने ढंगले मालसामान खरिद गर्ने पद्दती अवलम्बन गर्नुपर्दछ । कार्यालयले पेश गरेको विवरण अनुसार आ.व. ०७०।७१ मा खरिद भएको ३७१५ मीटर सहित ४९१५ मीटर पाइप मौज्दात रहेको देखिएको छ । कार्यालयले आवश्यकता पहिचान गरेर मात्र थप पाइप खरीद गर्नुपर्नेमा सो वेगर खरिद गरेको कारण मौज्दात रहेको देखिन्छ । | | | |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | यसरी आवश्यकता पहिचान वेगर खरिद गर्दा सामाग्रीको सदुपयोग हुन नसक्नुका साथै अनावश्यक बजेट खर्च गर्ने प्रणालीको विकास हुनजान्छ । तसर्थ आवश्यकता पहिचान वेगर बढी परिमाणमा सामान खरिद गरी आवश्यक संरक्षण र सम्भार विना भण्डार गरी राख्ने प्रवृत्तिको अन्त्य हुनुपर्दछ । | | | |
| | | **आय व्यवस्थापन** | | | |
| १५ | | **आय प्रक्षेपण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १६७ को उपनियम ४ (क) मा कार्यालयले आगामी आर्थिक वर्षको लागि प्रत्येक आन्तरिक आयश्रोतको उपलव्धता संभावित परिचालन, व्यवस्थापन तथा लागत र चालु वर्षको ठेक्का समेत विचार गरी आन्तरिक आयको प्रक्षेपण गरी न्युनतम ठेक अंक र असुली कार्यतालिका समेत भएको कार्यान्वयन कार्ययोजना तयार गर्नूपर्ने व्यवस्था छ ।<br><br>यो वर्ष कार्यालयले प्रक्षेपणको तुलनामा राजस्व आर्जनको स्थिति निम्नानुसार देखिएको छ : | | | |

| सि.नं. | श्रोत | आ.ब.२०७०।०७१ को प्रक्षेपण | आ.ब.२०७०।०७१ को असुली | प्रक्षेपणको तुलनामा घटी/बढी रकम |
|---|---|---|---|---|
| १. | **स्थानीय कर** | | | |
| | ढुंगा गिटी बालुवा निकासी कर | ३५,४४८,००० | ३६,२२५,७३८।०० | १०२।१९ % |
| २. | **सेवा शुल्क** | | | |
| | भौतिक सेवा शुल्क | ८२,००० | १३८,९००।०० | १६९।३९ % |
| ३. | **दस्तुर** | १,२६५,००० | १,४७४,८३०।०० | ११६।५८ % |
| ४. | अन्य दस्तुर | ४००,००० | ६२७,७३७।१८ | १५६।९३ % |
| ५. | जरिवाना | ४००,००० | २२७,५००।०० | ५६।८७ % |
| ६. | **विक्रीबाट आय** | ४०५,००० | १७३,२४०।०० | ४२।७७ % |
| ७. | **राजस्व बाँडफाँड** | | | |
| | रजिष्टेशन दस्तुर | १०,०००,००० | १०,१०८,७१२।८५ | १०१।०८ % |
| | खानी रोयल्टी | ८००,००० | १,१३९,२५६।९५ | १४२।४० % |
| | विद्युत रोयल्टी | ६,०००,००० | ५,६००,०००।०० | ९३।३३ % |
| | गाविस मालपोत दस्तुर | १,३००,००० | १,५१३,३०३।४५ | ११६।४० % |
| ८. | **विविध आय** | | | |
| | भाँडा | | | |
| | धरौटी जफत र फिर्ता | २००,००० | २३७,५००।०० | ११८।७५ % |
| | | ५६,३००,००० | ५७,४६८,७१८।४३ | १०२।०७ % |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| १६ | | **प्रवृत्ति विश्लेषण** : स्थानीय स्वायत्त शासन ऐन, २०५५ एवं नियमावली २०५६ बमोजिम जिल्ला विकास समितिले श्रोतगत रुपमा आय आर्जन गर्नसक्ने व्यवस्था छ । कार्यालयले अघिल्लो आ.व.मा रु ७५,६९६,१३८।४४ बराबर कुल आय आम्दानी गरेकोमा यस आर्थिक गतको तुलनामा आम्दानी घटन गई रु रु ५७,४६८,७१८।४३ बराबर आम्दानी गरेको देखिएको छ । यस जिल्ला विकास समितिको कार्यालयले विगत तीन वर्षमा आम्दानीस्वरुप श्रोतगत रुपमा आर्जन गरेको विवरण देहायअनुसार छ : | | | |

| सि.नं. | श्रोत | आ.ब. ०६८।६९ | आ.ब. ०६९।७० | आ.ब.०७०।७१ | गतवर्षको तूलनामा घटी/बढी प्रतिशत | आम्दानीको अनूपात | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | आ.ब. ०६८।६९ | आ.ब. ०६९।७० | आ.ब.०७०। ७१ |
| १. | **स्थानीय कर** | | | | | | | |
| | ढुंगा गिटी बालुवा निकासी कर | ३०,९०९,३०२.६६ | २८,८४३,६९७.५० | ३६,२२५,७३८.०० | २५.९३ | ३२.२ | ३०.०५ | ३७.७५ |
| २. | **स्था.वि.सेवा शुल्क** | | | | | | | |
| | भौतिक सेवा शुल्क | ८२,५००.०० | १८५,२००.०० | १३८,९००.०० | -२४.८६ | २०.२९ | ४४.८१ | ३४.९ |
| ३. | **दस्तुर** | १,१६६,२५०.०० | १,१४८,०२५.०० | १,४७४,८३०.०० | २.३३ | ३०.७७ | ३०.३० | ३८.९३ |
| | अन्य दस्तुर | १,१०४,१२७.५४ | २७०,४००.०० | ६२७,७३७.१८ | १३२.१३ | ५५.१ | १३.५० | ३१.३५ |
| | जरिवाना | ४८९,४००.०० | ३४९,०६०.०० | २२७,५००.०० | -३४.८१ | ४५.९१ | ३२.७४ | २१.३५ |
| ४. | **विक्रीबाट आय** | २१७,२८४.०० | ३२७,७००.०० | १७३,२४०.०० | -४७.१३ | ३०.२५ | ४५.६३ | २४.१२ |
| ५. | **राजस्व बाँडफाँड** | | | | | | | |
| | रजिष्टेशन दस्तुर | ३३,५०८,४१६.६० | ३७,१८२,११०.०० | १०,१०८,७१२.८५ | -७२.८१ | ४१.४७ | ४६.०१ | १२.५२ |
| | खानी रोयल्टी | ७७६,०४२.६१ | ७८८,७९१.२७ | १,१३९,२५६.९५ | ४४.४३ | २८.७० | २९.१७ | ४२.१३ |
| | विद्युत रोयल्टी | ६,२००,०००.०० | ५,३१४,०००.०० | ५,६००,०००.०० | ५.३८ | ३६.२३ | ३१.०५ | ३२.७२ |
| | गाविस मालपोत दस्तुर | १,४४४,४०२.०५ | १,२१०,५२४.६७ | १,५१३,३०३.४५ | २५.०१ | ३४.६५ | २९.४१ | ३५.६४ |
| ६. | **विविध आय** | | | | | | | |
| | धरौटी जफत र फिर्ता | ६७४,०२९.९८ | ५१,२६०.०० | २३७,५००.०० | ३६३.३२ | | | |
| ७. | अन्य आय । पेश्की फिर्ता | २५,३७०.०० | | | | | | |
| | **जम्मा** | ७६,५७१,७५५.४४ | ७५,६९६,१३८.४४ | ५७,४६८,७१८.४३ | -२४.०७ | | | |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | आम्दानी घट्नुमा मालपोत रजिष्ट्रेशन दस्तुरमा कमी भएको कारण रहेको देखिन्छ । नगरपालिकाहरुबाट सो दस्तुर संकलन हुन नसकेको कारण आगामी दिनमा समेत यो अवस्था झन नाजुक हुने देखिको छ । घट्न गएको कुल आम्दानीको स्तरलाई सुधार गर्न कार्यालयले आन्तरीक आयका तोकिएका श्रोत पहिचान गरी थप क्रियाशिल हुनुपर्ने देखिएको छ । | | | |
| १७ | | **मालपोत रजिष्ट्रेशन:** स्थानीय स्वायत्त शासन ऐन, २०५५ र नियमावली, २०५६ बमोजिम गा.वि.स. र न.पा.ले आम्दानी गरेको मालपोत रकमको २५ प्रतिशत रकम जि.वि.स.मा पठाउने व्यवस्था रहेको छ । सो व्यवस्था वमोजिम आ.व. २०७०।७१ मा जिल्ला विकास समिति अर्न्तगतका १६ गाविसले मालपोत बापत रु ५१८१४०१.८४ उठाएकोमा जिल्ला विकास समितिले प्राप्त गर्नुपर्ने रकम रु १२९५३५०.४६ मध्ये रु ११२२७४७४१ प्राप्त भएकोमा रु १७२६०३।०५ प्राप्त हुन बाँकी रहेको विवरण प्राप्त भएको छ । अतः कार्यालयले गाउँ विकास समितिबाट हालसम्म प्राप्त हुनुपर्ने रकम यस आव सहित रु ३१३८९२।१३ रहेको देखिन्छ । यसको अलावा भक्तपुर र मध्यपुर थिमि नगरपालिकाबाट रकम प्राप्त हुने नगरेको तथा अभिलेख नभएकोले ताकेता समेत नभएको पाइयो ।<br>जिल्ला विकास समितिले नगरपालिकाहरुबाट प्राप्त गर्नुपर्ने रकमको खोजी गरी असुल गर्नुपर्ने तथा गाउ विकास समितिहरुले मालपोत रकम जि.वि.स. पठाउनुपर्ने रकममध्ये उठन बाँकी रकम सम्बन्धित गाविसबाट असुल गर्नुपर्ने रु | १७२६०३.०५ | | |
| | | **प्रशासनिक एवं पूँजीगत खर्च व्यवस्थापन** | | | |
| १८ | | **प्रशासनिक खर्च** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ५५ मा स्वीकृत वजेटको परिधिभित्र रही जिल्ला विकास समितिले कर, शूल्क, सेवा शूल्क, दस्तूर र भाडावाट उठाएको कूल रकमको वार्षिक क्रमशः रु.२५ लाखसम्म, रु. २५ देखि ५० लाखसम्म, रु. ५० लाखदेखि रु. १ करोडसम्म र रु.१ करोडभन्दा बढी वार्षिक आय हूने जिल्ला विकास समितिले क्रमशः ६०, ४०, ३० प्रतिशत र अधिकतम २५ प्रतिशतसम्म प्रशासनिक कामको लागि खर्च गर्न पाउने व्यवस्था छ । जिल्ला विकास समितिले यस वर्ष कर दस्तूर, सेवा शूल्क भाडा आदिबाट भएको असूली रु ३८८६९९४५.१८ को २५ प्रतिशत रु. ९७१७४८६.२९ सम्म मात्र खर्च गर्न सक्नेमा रु. १३,२११,८९९।५७ खर्च गरेकोले नियममा तोकिएको सीमाभन्दा रु. ३४९४४१३.२८ बढी खर्च भएको छ ।<br>कार्यालयले प्रशासनिक खर्चमा मितव्ययिता नअपनाएको कारण प्रशासनिक खर्चमा नियमले तोकेभन्दा बढी हुन गएको देखिन्छ । नियमावलीको पालना नगर्दा कार्यालयको वित्तीय व्यवस्थापन कमजोर देखिन जाने र विकास कार्यमा श्रोतको कमी हुन जाने स्थिति देखिन्छ । तसर्थ, कार्यालयले नियममा तोकेभन्दा रु. ३४९४४१३.२८ नियम सम्मत भएको नदेखिएको रु. | ३४९४४१३.२८ | | |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| १९ | | **कम लागतका योजना –** स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा ११ (२) अनुसार जिल्ला विकास समितिले पाँच लाखभन्दा कम लागतका कार्यक्रम वा आयोजना छनौट गर्न सक्ने छैनन् भन्ने स्पष्ट व्यवस्था छ । साथै सोही दफाको उपदफा (३) लगानी गरिएको क्षेत्रको लागि अनुसूची-७ बमोजिम आयोजना लगानी विवरण (Project Funding Matrix) तयार गर्नुपर्ने व्यबस्था गरेको छ । कार्यालयले योजनाहरुमा रु ७०००।०० सम्मका टुक्रे योजानामा भुक्तानी दिनुका साथै निर्देशिकाले व्यबस्था गरे अनुसारको आयोजना लगानी विवरण तयार नगरी रु.५ लाखभन्दा कमका निम्न योजनामा छुट्याएको पाइयो । | | | |

| सि.न | कार्यक्रमको नाम | योजना संख्या |
|---|---|---|
| १ | ग्रामीण खानेपानी तथा सरसफाई कार्यक्रम | ९ |
| २ | जिविस अनुदान | ५४ |
| ३ | साना सिचाई नदि नियन्त्रण कार्यक्रम | १८ |
| ४ | बौद्ध दर्शन तथा गुम्बा व्यवस्थापन | १ |
| ५ | जिविस अनुदान स्थानीय विकास कार्यक्रम | २१ |
| ६ | निर्वाचन क्षेत्र विकास कार्यक्रम | ४८ |
| ७ | विद्यालय सहयोग कार्यक्रम | २३ |
| ८ | खानेपानी योजना | २४ |
| ९ | साना सिचाई योजना | ७ |
| १० | गाउँ स्तरीय अन्य सडक निर्माण सुधार | ३१ |
| ११ | आदिवासी, जनजाती, दलित वस्तीमा भौतिक सुधार | ९ |
| १२ | विद्युत रोयल्टी | ५१ |
| १३ | बालुवाबाट प्राप्त राजस्वबाट | १२ |
| १४ | ५०।५० साझेदारी योजना | ४ |
| १५ | इट्टा भट्टाबाट प्राप्त रकम | ४ |
| १६ | मठमन्दिर पाटी पौवा निर्माण सुधार | १० |

धेरै योजना माग भए बमोजिम सबैलाई भाग पुऱ्याउने तथा वस्तुगत तवरले योजना प्राथमिकीकरण हुन नसक्नुका कारण न्यून लागतका योजना छनौट भएका हुनुपर्दछ । यसबाट उल्लेखनीय योजनामा लगानी नभई कार्यक्रमको प्रभावकारिता कम हुन जान्छ । तसर्थ, निर्देशिकामा तोकिए बमोजिम नै योजना छनौट गरी ठूला योजनाहरु सम्पन्न गराउनेतर्फ बजेट विनियोजन गर्ने र मनोगत ढङ्गले बजेट छर्ने पद्धतिको अन्त्य गर्ने कार्यमा कार्यालयको ध्यानाकर्षण हुनुपर्दछ ।

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| २० | | **गाविस मार्फत योजना सञ्चालन –** तालुक मन्त्रालयबाट जिल्ला विकास समितिलाई विभिन्न बजेट उपशीर्षकहरुमा अख्तियारी दिई विनियोजन गरेको रकमको कार्यक्रम स्वीकृत गराई स्वीकृत कार्यक्रममा मात्र खर्च गर्नुपर्दछ । यसरी खर्च गर्दा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६ (३) अनुसार अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराई बिल भरपाईसहितको लेखा राख्नुपर्ने व्यवस्था छ ।<br><br>कार्यालयले रकम खर्च सम्बन्धी अनिवार्य रुपमा संलग्न गर्नुपर्ने आधारभूत प्रमाण कागजातहरु जस्तैः लागत अनुमान, नापी किताब, कार्य मूल्याङ्कन बिल, कार्य सम्पन्न प्रतिवेदन, योजनाको फरफारक, सामाजिक परीक्षण प्रतिवेदन तथा खर्चका बिल भरपाईहरु संलग्न नगरी विभिन्न कार्यक्रमबाट योजना संचालनको लागि गाउँ विकास समितिलाई अनुदान स्वरुप रकम भुक्तानी गर्ने गरेको पाइयो । यसरी अन्तिम चोमासिकमा योजना बापत निकासा भएको रकम गा.वि.स.मा पुगी निष्क्रिय रहने वा कार्यक्रम सञ्चालन नभए पनि खर्च जनाइने अवस्था आइपर्दछ । तसर्थ, सो सम्बन्धमा सम्बन्धित निकायको ध्यान जानुपर्ने देखिन्छ । यस सम्बन्धमा कार्यालयले पहिलो चरणमा ९० प्रतिशत रकम निकासा दिने गरेको र कार्यसम्पन्न प्रतिवेदन सहित सम्बन्धित गाविसको सिफारिशमा बांकी १० प्रतिशत भुक्तानी दिने गरिएको जनाएतापनि खर्च भएको रकमको उपयोगका सम्बन्धमा अनुगमन गरेको अभिलेख पेश गरेको छैन । अत: बजेटको विनियोजन तथा खर्च गर्ने अख्तियारी नीति विपरित नियमावलीको नियम ४६ (३) को पालना नगरी निम्नानुसार रु ८३९००००.०० बजेट खर्च गरेको छ । | | | |

| सि.नं. | गा.वि.स. | योजनाको नाम | लागत अनुमान/ निकासा रकम |
|---|---|---|---|
| १ | चित्तपोल | विभिन्न १० योजना | ६७००००.०० |
| २ | झौखेल | विभिन्न ७ योजना | ६२५०००.०० |
| ३ | छालिङ्ग | विभिन्न ११ योजना | १०७००००.०० |
| ४ | गुण्डु | विभिन्न २ योजना | १२५०००.०० |
| ५ | सुडाल | विभिन्न ७ योजना | ९१५०००.०० |
| ६ | वागेश्वरी | विभिन्न ६ योजना | ६५००००.०० |
| ७ | सिपाडोल | विभिन्न ४ योजना | ६०००००.०० |
| ८ | चाँगु | विभिन्न ५ योजना | ८३००००.०० |
| ९ | दधिकोट | विभिन्न ४ योजना | ४३००००.०० |
| १० | भक्तपुर न.पा. | विभिन्न ३ योजना | ३२५०००.०० |
| ११ | नगरकोट | विभिन्न ४ योजना | ४१००००.०० |
| १२ | दुवाकोट | फसिटारमा मन्दिर निर्माण | ५००००.०० |
| १३ | वोडे | जगत द्योमा वृद्धाश्रम पहिरो नियन्त्रण | ५००००.०० |

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं.र मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td></td><td>
<table>
<tr><td>१४</td><td>नंखेल</td><td>विभिन्न ७ योजना</td><td>७६००००.००</td></tr>
<tr><td>१५</td><td>सिरुटार</td><td>सिरुटार मावि सिरुटार</td><td>१०००००.००</td></tr>
<tr><td>१६</td><td>ताथली</td><td>खत्री टोलमा खा.पा.योजना सञ्चालन</td><td>१०००००.००</td></tr>
<tr><td>१७</td><td>कटुञ्जे</td><td>विभिन्न ५ योजना</td><td>३९००००.००</td></tr>
<tr><td>१८</td><td>मध्यपुर थि.न.पा.</td><td>विभिन्न ४ योजना</td><td>२९००००.००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>८३९००००.००</td></tr>
</table>
</td><td></td><td></td><td></td></tr>
<tr><td>२१</td><td></td><td>कर्मचारी कल्याण कोष- स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २६५ (१) मा कर्मचारी कल्याण कोषमा स्थानीय निकायले प्रत्येक वर्ष कम्तीमा आफ्नो कार्यालयलाई आवश्यक पर्ने एक महिनाको तलव वरावरको रकम जम्मा गर्नुपर्ने व्यवस्था छ ।<br><br>कार्यालयलाई आवश्यक पर्ने एकमहिनाको तलव(प्रशासन अनुदान र कोषतर्फका कर्मचारी) रु. ६१९२००।०० रहेतापनी कल्याणकारी कोषमा यो वर्ष कोष चालूबाट रु. १० लाख र जिविस अनुदात पूँजीगततर्फको ग-२-२ पूँजीगत खाताबाट रु ४५ लाख समेत गरी जम्मा रु ५५ लाख अर्थात ९ गुणा ट्रान्सफर गरेको छ । यस सम्बन्धमा कार्यालयले निकट भविष्यमा अवकाश हुने कर्मचारीको संख्या धेरै भएकोले रकम व्यवस्था गर्नैपर्ने बाध्यताका कारण रकम व्यवस्था गरिएको जनाएको छ । यसबाट आन्तरिक आयको अनुपातमा निश्चित सिमाभित्र प्रशासनिक खर्च गर्नुपर्ने कानुनी व्यवस्थाको प्रतिकुल हुने गरी प्रशासनिक खर्च वढ्न गएको छ । अतः नियममा व्यवस्था भएको सिमा भन्दा वढि कल्याणकारी कोषमा जम्मा गरेको रु</td><td>४८८०८००.००</td><td></td><td></td></tr>
<tr><td>२२</td><td></td><td>अतिरिक्त सुविधा : स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २५७ (१) अनुसार स्थानीय निकायले सो निकायका कर्मचारीको पारिश्रमिक भत्ता तथा अन्य सुविधा निर्धारण गर्दा नेपाल सरकारका निजामती कर्मचारीले पाउने तलव भत्ता तथा सुविधालाई आधार मानी आफ्नो आम्दानी तथा खर्चको सीमाभित्र रही निर्धारण गर्नुपर्ने व्यवस्था छ । साथै, स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २६३(१) अनुसार स्थानीय निकायका कर्मचारीले आफ्नो धर्म, संस्कृति र परम्पराअनुसार मनाउने चाडपर्वको लागि आफूले खाइपाइ आएको १ महिनाको तलव बराबरको रकम प्रत्येक वर्ष चाडपर्वको रुपमा पाउने र त्यस्तो रकम कर्मचारीले एक आर्थिक वर्षमा एकपटक आफूले मनाउने मुख्य चाडपर्वको अवसरमा भुक्तानी लिन सक्ने व्यवस्था रहेको छ । साथै संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको निर्देशनअनुसार स्थानीय निकायले आफ्ना कर्मचारीलाई लुगाभत्ता लगायतका अतिरिक्त सुविधा दिदाँ स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ३४ र ५५ मा तोकिएको प्रशासनिक खर्चको परिधिभित्र रहेर मात्रै उपलब्ध गराउन सक्ने व्यहोरा उल्लेख छ ।</td><td></td><td></td><td></td></tr>
</table>

**बजेट उपशीर्षक नं.**:विभिन्न **कार्यालय:–** श्री जिल्ला विकास समितिको कार्यालय, भक्तपुर । **आर्थिक वर्ष:–** २०७०।७१

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | कार्यालयले देहायको विवरणअनुसार विभिन्न कर्मचारीलाई मासिक रुपमा फरक फरक दर प्रयोग गरी जिविस भत्ता, तिहार खर्च, विमा प्रिमियम भुक्तानी लगायत समय समयमा बैठक भत्ता र अनुगमन भत्ता समेत उपलब्ध गराएको पाइयो । | | | |

| सि.नं. | कार्यरत कार्यालय | मासिक भुक्तानी | कर्मचारी संख्या | वार्षिक भुक्तानी | थप व्यहोरा |
|---|---|---|---|---|---|
| १. | जिल्ला विकास समिति | ८०९००.०० | १६ | ९७०८००.०० | जिविस भत्ता |
| २. | प्राविधिक कार्यालयतर्फका कर्मचारी | ४१७००.०० | १७ | ७०८९००.०० | जिविस भत्ता |
| ३. | जिविस र प्राविधिकतर्फका कर्मचारी | – | विभिन्न | ५४४२९०.०० | तिहार खर्च |
| ४. | विभिन्न कर्मचारी | – | विभिन्न | ४५८०४२.०० | विभिन्न मितिको अतिरिक्त समय काम गरेको भत्ता, बैठक भत्ता बापत भुक्तानी |
| ५. | जिविस र प्राविधिक तर्फका कर्मचारी | – | विभिन्न | ६६३९९१.०० | परिषदमा अतिरिक्त समय काम गरे बापत भत्ता |
| ६. | जिविस कर्मचारी | – | विभिन्न | १५००३०.४० | कर्मचारीको सावधिक विमा रु २०० बाहेकको थप विमा प्रिमियम भुक्तानी |
| | | | **जम्मा** | ३४९६०५३.४० | |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | उपरोक्तानुसार विभिन्न कर्मचारीलाई स्थायी प्रकृतिका सेवा सुविधा उपलब्ध गराइनुमा विगतमा जिविसको आन्तरीक आय तुलनात्मक रुपमा सबल रहँदा खर्चमा कम नियन्त्रण रहनु तथा स्थानीय निकाय र बोर्डले गरेका जुनसुकै निर्णयहरु पनि वैद्य ठहर्छ भन्ने मानसिकता एवं चालू खर्चका आधारहरु स्थापित गर्दा भविष्यमा त्यसको असर प्रभावबारे सचेत नरहेका कारण यस किसिमका भुक्तानी भएको देखिन्छ । जसले गर्दा प्रशासनिक व्ययभार अत्यधिक हुनुका साथै कर्मचारी कर्मचारी बिचमा समेत सुविधा प्राप्तीका सम्बन्धमा विभेदको अवस्था सिर्जना हुनजान्छ । अत : नियमावलीमा भएको व्यवस्था र मन्त्रालयको निर्देशन विपरित हुने गरी भएका यसप्रकारका खर्च बन्द गर्नुपर्ने तथा भएको खर्चको आधार र पुष्ट्याई पेश गर्नुपर्ने देखिएको रु | ३४९६०५३.४० | | |
| २३ | | **औषधोपचार खर्च** : स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २६५ (१) र (२) मा कर्मचारी कल्याण कोषमा स्थानीय निकायले प्रत्येक वर्ष कम्तीमा आफ्नो कार्यालयलाई आवश्यक पर्ने एक महिनाको तलव वरावरको रकम जम्मा गर्नुपर्ने र सो बमोजिम स्थापना भएको कोषबाट स्थानीय निकायका कर्मचारीलाई उपदान दिइने व्यवस्था बमोजिम कोष तर्फका कर्मचारीहरु सेवा निवृत्त हुँदा निजहरुले पाउने उपदान, विमा, औषधी उपचार आदि सुविधा वापतको रकम कर्मचारी कल्याण कोषबाट खर्च लेख्नु पर्दछ । | | | |

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं.र मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td></td><td>कार्यालयले यस आर्थिक वर्षमा कार्यालय सहयोगी श्री केशव थापालाई जिल्ला विकास समिति कोष चालू तर्फबाट औषधी उपचार खर्च बापत रु २३७५८.०० भुक्तानी दिएको छ । उक्त रकम कर्मचारी कल्याण कोषबाट खर्च नलेखि जि.वि.स. कोष चालुबाट खर्च लेख्नुको साथै सेवा निवृत्त हुँदा उक्त भुक्तानीको समायोजन हुने गरी सो भुक्तानीको अभिलेख समेत व्यवस्थित तरिकाले राखेको पाइएन ।<br>कर्मचारी कल्याण कोषको खर्च घटाउने तथा भविष्यमा सेवा निवृत्त हुने कर्मचारीको सेवा सुविधाको स्तरलाई नजिर स्थापीत गर्ने मनसायले यसरी कोष चालुबाट खर्च गरेको देखिन्छ । यसले गर्दा कोष चालु शीर्षकबाट गरिने कार्यक्रममा असर पर्नजाने, प्रशासनिक व्ययभार बढने र आर्थिक अनियमितता हुने देखिन्छ ।<br><br>तसर्थ, यसप्रकारको सुविधाको व्यवस्थित अभिलेख राखी कर्मचारी कल्याण कोष मार्फत भुक्तानी गर्ने व्यवस्था सहित जिल्ला विकास कोष चालुबाट खर्च भएको रु. २३७५८.०० कर्मचारी कल्याण कोषबाट सोधभर्ना हुनु पर्ने रु.</td><td>२३७५८.००</td><td></td><td></td></tr>
<tr><td>२४</td><td>७६-२०७०/६/१७</td><td>गाविस लेखापरीक्षण शुल्क : स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को बुँदा नं.१४(४) मा जिल्ला विकास समितिले गाविसमा पठाउने पूँजीगत अनुदानमा तोकिएको दरमा आयोजना व्यवसपन सेवा खर्चबापत कट्टा गरी निकासा गर्ने र सो रकमबाट जिल्ला परिषद्बाट कार्यक्रम स्विकृत गराई तोकिएका क्षेत्रमा खर्च गर्न सक्ने व्यवस्था छ । कार्यालयले जिल्लास्थित १६ गाविसको लेखापरीक्षण प्रतिवेदन प्राप्त भएपछि लेखापरीक्षकलाई शुल्क बापतको रकम कोष चालू बाट रु १३३९८।०० र गाविस अनुदान कन्टेन्जेन्सीबाट रु १६९१७६ गरी जम्मा रु १८२५७४।०० भुक्तानी दिएको पाइयो ।<br>जिल्ला विकास समितिले समयमा लेखापरीक्षण प्रतिवेदन प्राप्त गर्नका लागि यस्तो व्यवस्था गरेको जनाएतापनि कार्यविधिले तोकेका क्षेत्रबाहेक अन्य खर्च भुक्तानी गर्न नसकिने अवस्था देखिएकोले नियमको परिपालनामा कार्यालयले ध्यान नपुगेको देखिन्छ । साथै, यस्तो भुक्तानी रकम जिल्ला विकास समितिको आर्थिक विवरणमा समावेश हुने र गाविसको आय व्यय विवरणमा सो रकम समावेश नहुने अवस्था रहन्छ । अत कार्यविधिले तोकेका क्षेत्रबाहेक अन्य क्षेत्रमा भुक्तानी गरेको अनियमित रु</td><td>१८२५७४.००</td><td></td><td></td></tr>
<tr><td>२५</td><td></td><td>दोहोरो भुक्तानी : सार्वजनिक निकायले प्रचलित ऐन, नियममा तोकेको ढांचा बमोजिम लेखा र अभिलेख राख्नुको साथै रकम खर्च गर्ने सिलसिलामा एउटै कामका लागि पटक पटक गरी दोहोरो भुक्तानी वा बढी भुक्तानी गर्नु हुँदैन । कार्यालयले निम्न कार्यक्रमअन्तर्गतका भुक्तानीमा बढी रकम भुक्तानी दिएको पाइयो ।
<table>
<tr><th>भौ.नं. र मिति</th><th>कार्यक्रम</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>३०-२०७०/८/३०<br>३२-२०७०/९/४</td><td>जिविस अनुदान चालू</td><td>ई.मदनकुमार आलेलाई तलव भत्ता छुट रु ४९६६।०० सहित रु २७१४६।०० भुक्तानी भैसकेकोमा पुन: रु ५३२२।०० थप भुक्तानी भएको</td><td>५३२२.००</td></tr>
</table></td><td>७५६७२.००</td><td></td><td></td></tr>
</table>

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | (तलको तालिका) कार्यालयले रकम भुक्तानी पूर्व भुक्तानी हुनुपर्ने रकम उचित ढंगले रुजु नगरेका कारण बढी वा दाहोरो भुक्तानी हुन गएको देखिन्छ । जसले गर्दा कार्यालयलाई सो रकम बराबर अतिरिक्त व्ययभार पर्न गएको देखिन्छ । तसर्थ, बढी वा दोहोरो भुक्तानी भएको रकम सम्बन्धितबाट असुलउपर गर्नुपर्ने देखिएको रु | | | |
| २६ | | **अवकाश सुविधा** : स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २६५ (१) र (२) मा कर्मचारी कल्याण कोषमा स्थानीय निकायले प्रत्येक वर्ष कम्तीमा आफ्नो कार्यालयलाई आवश्यक पर्ने एक महिनाको तलव वरावरको रकम जम्मा गर्नुपर्ने र सो बमोजिम स्थापना भएको कोषबाट स्थानीय निकायका कर्मचारीलाई उपदान दिइने व्यवस्था बमोजिम कोष तर्फका कर्मचारीहरु सेवा निवृत्त हुँदा निजहरुले पाउने उपदान, विमा, औषधी उपचार आदि सुविधा वापतको रकम कर्मचारी कल्याण कोषबाट खर्च लेख्नु पर्दछ ।<br><br>कार्यालयले यो बर्ष जिल्ला विकास समितिबाट अवकाशप्राप्त प्र.सहायक गंगा हाडालाई जिविस अनुदान चालूबाट अवकाश सुविधाबापत रु २६३३७६।०० भुक्तानी गरेको छ । स्थानीय निकायका कर्मचारीहरु भविष्यमा सेवावाट अलग हुँदा कर्मचारीले पाउने सेवा सुविधाको स्तरलाई नजिर स्थापीत गर्ने मनसायले यसरी रकम भुक्तान गरेको देखिन्छ । यसले गर्दा सम्बन्धित शिर्षकबाट कार्यक्रममा असर पर्नजाने हुन्छ । तसर्थ, जिविस अनुदान चालूबाट भएको उक्त खर्च सञ्चित कोष दाखिला हुनुपर्ने तथा नियमानुसार कर्मचारीले प्राप्त गर्ने सेवा सुविधालाई आन्तरीक कोषबाट भुक्तानी हुने व्यवस्था गर्नुपर्ने देखिएको रु | २६३३७६.०० | | |
| | | **निर्णय र प्रतिवेदन कार्यान्वयन :** | | | |
| २७ | | **बेरुजु फछ्र्यौट –** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम २०४ (१) बमाजिम लेखापरीक्षणबाट कायम भएका वेरुजुका प्रमाण पेश गरी वा नियमित गरी गराई वा असुल उपर गरी फछ्र्यौट गर्ने दायित्व अधिकार प्राप्त अधिकारीको हुने छ भन्ने उल्लेख छ । कार्यालयवाट लेखापरीक्षणलाई प्राप्त विवरण अनुसार गत विगत वर्षको बेरुजु फछ्र्यौटको विवरण निम्नानुसार रहेको छ । | | | |

| | | | |
|---|---|---|---|
| २३१-२०७०/१२/२६<br>२३९-२०७१/१/३ | कोष चालू | जिल्ला परिषद्मा अतिरिक्त समय काम गरेको जनाई रु ५७ जना कर्मचारीलाई रु ५३११६६।६७ भुक्तानी भैसकेकोमा पुनः ७०३५०।०० भुक्तानी भएको | ७०३५०.०० |
| | | **जम्मा** | **७५६७२.००** |

| गत वर्षसम्मको बाँकी बेरुजू | यस अवधिमा थप बेरुजु | जम्मा बेरुजु | यो अवधिमा बेरुजु फछ्र्यौट | बेरुजु बाँकी | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | पेश्की | जम्मा |
| ८,०७९,४९८।०० | ० | ८,०७९,४९८।०० | ५,७४४,२४१।५१ | ४७६,९६१।०० | ५१६,५४३।४९ | १,३४१,७५२।०० | २,३३५,२५६।४९ |

**बजेट उपशीर्षक नं.**:विभिन्न **कार्यालय:–** श्री जिल्ला विकास समितिको कार्यालय, भक्तपुर । **आर्थिक वर्ष:–** २०७०।७१

| **सि.नं.** | **भौ.नं.र मिति** | **विवरण** | **रकम** | **फछ्र्यौटको विवरण** | **रकम** |
|---|---|---|---|---|---|
| | | यसरी कार्यालयले बेरुजू उपर कारबाही प्रक्रिया शुरु गरी आंशिक मात्र वेरुजु फछ्र्यौट गरेको देखिन्छ । आंशिक मात्र बेरुजु फछर्यौटको कारणले हरेक वर्ष वेरुजूको अंक र परिमाण घटन सकेको देखिदैन । जसको कारणले आर्थिक अनुशासन परिपालनाको अवस्था फितलो हुन जाने देखिन्छ । तसर्थ कार्यालयले फछ्र्यौट गर्न बाँकी बेरुजु समयमा नै फछ्र्यौट गरी आर्थिक अनुशासन परिपालना गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | | | |
| २८ | | **सामाजिक सुरक्षा कार्यक्रम :** कुनै पनि भुक्तानीमा श्रेस्तासाथ संलग्न रहेका बिलभरपाई र अन्य कागजातको यथार्थता यकिन गर्ने दायित्व सम्बन्धित कार्यालय र निकायसंग सम्बन्धित व्यवस्थापनको रहेको हुन्छ ।<br>लेखापरीक्षण टोलीलाई पेश गरेको यस कार्यक्रम अर्न्तगतका श्रेस्तामध्ये लेखापरीक्षण योजनाले निर्दिष्ट गरेबमोजिम बढी निकासा हुने १ गाविसमा वितरीत भरपाई परिक्षण, संलग्न भरपाईको जोडजम्मा, गाउं विकास समितिबाट प्राप्त विवरणलाई नै पञ्जिकरण शाखाको लगत कायम गरिएकोमा सोको भिडान र आन्तरीक लेखापरीक्षण प्रतिवेदनको समेत आधार लिई लेखापरीक्षण सम्पन्न गरिएको छ । | | | |
| २८.१ | | **जनसंख्या प्रतिशत –** जिल्ला विकास समिति भक्तपुरको जिल्ला विकास योजना (२०७०।७१) मा उल्लेखित यस जिल्लाको कुल जनसंख्या ३ लाख ४ हजार ६ सय ५१ मध्ये सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नेको विवरणअनुसार भत्ता पाउने व्यक्तिको संख्या १२ हजार ७ सय रहेको छ । जसअनुसार जिल्लाको कुल जनसंख्यामध्ये सामाजिक सुरक्षा प्राप्त गर्नेको संख्या ४.१७ प्रतिशत हुन आएको छ । कार्यालयको अभिलेखअनुसार जिल्लाको कुल जनसंख्या र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नेको विवरण र प्रतिशत निम्नानुसार रहेको छ । | | | |

| **सि.नं.** | **विवरण** | **संख्या** | **कुल जनसंख्या मध्येको प्रतिशत** | **सामाजिक सुरक्षा भत्ता पाउने मध्येको प्रतिशत** |
|---|---|---|---|---|
| १. | ज्येष्ठ नागरिक (अन्य) | ६१०१ | २.००% | ४८.०४% |
| २. | ज्येष्ठ नागरिक दलित | २१४ | ०.०७% | १.६९% |
| ३. | एकल महिला | ५८५० | १.९२% | ४६.०६% |
| ४. | पूर्ण अपाङ्ग | ३१४ | ०.१०% | २.४७% |
| ५. | आंशिक अपाङ्ग | ५८ | ०.०२% | ०.४६% |
| ६. | दलित बालबालिका | १६३ | ०.०५% | १.२८% |
| | जम्मा | **१२७००** | **४.१७%** | |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| २८.२ | | **सामाजिक सुरक्षा सम्बन्धमा देखिएका अन्य व्यहोराहरुः**<br>(क) कार्यालयले विभिन्न गा.वि.स.लाई दिएको ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गहरुलाई वितरण गर्नुपर्ने रकम र बाल संरक्षण अनुदानतर्फको रकम छुट्टाछुट्टै देखिने गरी पेश्की अभिलेखमा राखी सोही अनुसार फछ्र्यौट गर्नुपर्नेमा त्यसो नगरी एकमुष्ठ पेश्की विवरण राखी फछ्र्यौट गरेको पाइयो । विगतका लेखापरीक्षण प्रतिवेदनले समेत यस किसिमको व्यहोरा औंल्याएको भएता पनि स्थिति यथावत रहेको छ ।<br>(ख) सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन निर्देशिका, २०६५ को बुंदा नं. ११ अनुसार सामाजिक सुरक्षा सम्बन्धी अनुसूची–८, ९, १०, ११ र १२ तयार गरी सोको आधारमा भत्ता खर्च लेख्नुपर्ने व्यवस्था रहेको छ ।<br>कार्यालयले गाउं विकास समितिहरुले पेश गरेको विवरण बमोजिम नै निकासा दिने गरेकोले विवरण अद्यावधिक गरी मूल अभिलेख तयार गर्ने र लाभग्राहीको विवरण चुस्त दुरुस्त हुने गरी कार्यविधिले तोकेका अनुसूचीहरु तयार गरेको पाइएन । निर्देशिकाले तोकेको ढांचामा अनुसूचीहरु अद्यावधिक गर्ने कार्यमा संलग्न निकाय, नियमनकारी निकाय र सो कार्य गर्ने जिम्मेवार पदाधिकारीको उक्त कार्यप्र तको उदासिनता र तत्परताको अभावको कारणले सो अनुसूचीहरु अद्यावधिक गरेको नपाइएकोले भत्ता पाउने लाभग्राही व्यक्तिहरुको संख्या र नामनामेसी भिडान गर्ने आधार देखिएन ।<br>यसरी भत्ता पाउने व्यक्तिको परिचयपत्र सहितको नामावली अद्यावधिक नहुंदा भत्ता पाउने उचित व्यक्ति छुट वा अर्को व्यक्तिले दोहोरो भत्ता भुक्तानी लिई खर्चमा अनियमितता हुन जाने सम्भाव्यता विद्यमान रहन्छ । निर्देशिकाले व्यवस्था गरे अनुसार सबै अनुसूचीको भिडान गरी सामाजिक सुरक्षा भत्ता खर्च लेख्नेतर्फ कार्यालय र सम्बन्धित निकायले अग्रसरता देखाउनुपर्दछ । | | | |
| २८.३ | | सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०६९ को कार्यान्वयन तथा पालनाको अवस्था सम्बन्धमा निम्नानुसार रहेको पाइयो :<br>(क) कार्यालयले प्रत्येक गाविसलाई पेश्कीस्वरुप प्रथम किस्ता निकासा दिएपछि सो को भरपाई र वितरण हुन नसकेको रकम दाखिला गरेपछि मात्र अर्को किस्ता दिएको तथा केही गाविसमा प्रथम किस्तामा भत्ता प्राप्त गर्नेले रकम नपाएमा दोश्रो वा तेश्रो किस्तामा समेत रकम भुक्तानी लिएको देखियो ।<br>(ख) भत्ता बृत्ति/ अनुदान रकम परिचय पत्र प्राप्त गरेका सम्बन्धित व्यक्तिहरुलाई आ-आफ्नो क्षेत्रमा प्रथम चौमासिकमा बडा दशै पूर्व आश्विन १ गते दोश्रो चौमासिकमा माघ १२ गते र तेश्रो चौमासिकमा जेष्ठ १५ गते भुक्तानी दिनुपर्नेमा सो को पालना भएको श्रेस्ताबाट देखिएन । | | | |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | (ग) कार्यालयले जिल्लाका सबै गा.वि.स का पोषण भत्ता पाउने बालबालिकाको नाम नामेसि विवरण अध्यावधिक नगरी संख्याको आधारमा मात्र भत्ता निकासा लिने र खर्च गर्ने गरेको देखीयो । बालबालिकाको नाम र जन्म मिति सहितको परिचयपत्र अध्यावधिक अभिलेख बेगर गाविस तथा नगरपालिकालाई रकम निकासा दिई जन्म मिति बेगरको भर्पाइ पेश गरि पेश्की फछ्र्यौट गर्ने गरेकोले कार्यविधिले तोकेको उमेर भन्दा बढि उमेरका बालबालिका तथा मुल अभिलेखमा नपरेका बालबालिकाको नाममा पोषण भत्ता वितरण भएको छैन भन्ने आधार भएन । | | | |
| | | (घ) जिल्ला विकास समितिको सभापति वा सभापतिको काम गर्न तोकिएको व्यक्तिको संयोजकत्वमा सामाजिक सुरक्षा जिल्ला समन्वय समिति गठन गर्नु पर्ने र भत्ता वितरण प्रक्रियाको निरिक्षण तथा अनुगमन गर्ने व्यवस्था रहेकोमा समन्वय समिति गठन गरि कार्यालयले निरिक्षण र अनुगमन गरेको पाइएन । | | | |
| | | (ङ) सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्रहीहरुको नाम नामेसि सम्वधित जिल्ला विकास समितिको वेभसाइटमा राख्ने व्यवस्था भएकोमा कार्यालयले गाउ विकास समितिबाट प्राप्त विवरणलाई एकिकृत गरी अभिलेख तयार गरेको पाइयो । साथै प्रत्येक गाँउ विकास समितिमा मा भत्ता वितरण गर्दा वडा नागरिक मञ्च तथा स्थानीय राजनैतिक दल एंवम समुदायमा आधारित संघ संस्थाका प्रतिनिधि र स्थानीय भ्रद्र भलाद्मीको रोहवरमा वितरण गरेको मुचुलका समेत तयार गरी एक प्रति लेखापरीक्षणको लागि र्भपाई सँग राख्नु पर्ने व्यवस्था रहेकोमा सो को पालना भएको पाइएन । | | | |
| | | (च) सामाजिक सुरक्षा कार्यक्रमलाई थप प्रभावकारी बनाउनका लागी बैंकिङ्ग प्रणालीमार्फत भत्ता वितरण गर्ने नीतिअनुरुप जिल्लास्थित भक्तपुर नगरपालिका र मध्यपुर थिमि नगरपालिकाको बैंकमार्फत भत्ता वितरण कार्य गराएको पाइयो । जिल्ला विकास समितिको कार्यालयले केवल गाउं विकास समितिबाट भइरहेको कार्यलाई सोही कार्यप्रक्रिया अंगालेर बैंक खाता बेगर भुक्तानी दिई सो को विवरण मात्र जिल्ला विकास समितिमा प्राप्त गर्ने गरेबाट सेवा प्राप्त गर्ने समुदायले स्थानीय सरकारबाट पाउनुपर्ने सेवा र सुविधा सहज र प्रभावकारी ढंगबाट उपलव्ध भयो भन्ने आधार भेटिएन । साथै, कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण प्रयोजनका लागि प्राप्त भएको रकम नेपाल बैंक लिमिटेड, कमलविनायक शाखा, राष्ट्रिय वाणिज्य बैंक, सुर्यविनायक शाखा र कृषि विकास बैंक शाखा, दुधपाटीका कर्मचारीलाई भत्ता बापत रु १२३२००।०० भुक्तानी दिएको सम्बन्धमा मन्त्रालयले समेत प्रशासनीक खर्च भएको बारे स्पष्ट गरी पेश गर्न निर्देशन दिएको पाइयो । अत : सामाजिक सुरक्षा भत्ता वितरणका लागि पठाएको अख्तियारीबाट भत्ता वितरण बाहेक अन्य कार्यमा खर्च गरेकोले खर्च भुक्तानीको आदेश दिने पदाधिकारी जिम्मेवार हुनुपर्ने रु. | १२३०००.०० | | |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| २८.४ | | नमुना छनौटको आधारमा १६ गाविसमध्ये सबैभन्दा बढी निकासा भएको सुडाल गावि छनौट भएकोमा कार्यालयबाट पेश भएको भत्ता वितरणको भर्पाई मध्ये निम्नानुसारका व्यक्ति लगायतको भरपाई वितरणमा दोहोरो वितरण भएको, मूल अभिलेखमा नरहेकोलाई भत्ता वितरण भएको तथा परिचयपत्र नं. फरक परेको रकम सम्बन्धितबाट असुलउपर गर्नुपर्ने रु | ३००००.०० | | |

| सि.नं. | भत्ता पाउनेको नाम | रकम | विवरण |
|---|---|---|---|
| १. | इन्द्रबहादुर हेम्बा वडा नं. ३ | ४०००.०० | प्रथम र दोश्रो किस्तामा दोहोरो वितरण |
| २. | सानु नेपाल, वडा नं ८ | ६०००.०० | मूल अभिलेखमा नरहेकोलाई वितरण |
| ३. | अनिरुद्र गोतामे, वडा नं. ६ | ४०००.०० | प्रथम र दोश्रो किस्तामा दोहोरो वितरण |
| ४. | लक्ष्मी नेपाली, वडा नं ७ | ६०००.०० | दाहोरो वितरण |
| ५. | सान्नानी खड्का, वडा नं. ५ | ६०००.०० | मूल अभिलेखमा नरहेकोलाई वितरण |
| ६. | सानुमैया पुरी, वडा नं. ८ | ४०००.०० | पहिलो र दोश्रोमा परिचयपत्र दोहोरो तथा जन्ममिति फरक |
| | **जम्मा** | **३००००.००** | |

स्पष्ट परिचयपत्र सहित नाम नामेसी भिडान नहुनेगरी भर्पाई र मूल अभिलेख तयार गर्दा सम्वन्धित ब्यक्तिले भत्ता बुझेको छ र दोहोरो भुक्तानी भएको छैन भन्न सक्ने आधार भएन । यस सम्वन्धमा सम्वन्धित पक्षको ध्यान जानुपर्दछ ।

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| २९ | | **करकट्टी र दाखिला :** आयकर ऐन, २०५८ को दफा ८८ र दफा ८९ मा पारिश्रमिक, बहाल र अग्रिम करकट्टी गर्नुपर्ने व्यवस्था छ । साथै, कट्टी रकम समयमै सम्बन्धित राजस्व कार्यालयमा दाखिला समेत गर्नुपर्दछ । कार्यालयले देहायको विवरणअनुसार नियमानुसार कर कट्टी नगरेको तथा कट्टी भएको रकम राजश्व दाखिला गरेको पाइएन । | | | |

| भौ.नं. र मिति | विवरण | कार्यक्रम | कर | कर रकम |
|---|---|---|---|---|
| ५१-२०७०/६/१३ | भत्ता वितरणमा कर कट्टा भै दाखिला नभएको | कोष चालु | पारिश्रमिक कर | १२७५।०० |
| ३७-२०७०/६/१ | जिल्ला सहजकर्ता पंकज अधिकारीलाई भुक्तानी गर्दा कर कट्टी नगरेको | कोष चालु | सामाजिक सुरक्षा कर | ६६४।०० |
| १००-२०७०/७/९ | तिहार खर्च रु ५४४२९०।०० १ प्रतिशतमात्र कर कट्टी गरेको | कोष चालु | पारिश्रमिक कर | ७६२००।०० |
| १९५-२०७०/११/१२ | अतिरिक्त समय कार्य गरेबापत रु १६६२५।०० भत्ता भुक्तानी | कोष चालु | पारिश्रमिक कर | २४९४।०० |
| २००-२०७०/११/२३ | अतिरिक्त समय कार्य गरेबापत रु २५३७५।०० भत्ता भुक्तानी | कोष चालु | पारिश्रमिक कर | ३८०६।०० |

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं.र मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td></td><td>
<table>
<tr><td>२३१-२०७०/१२/२६</td><td>अतिरिक्त समय कार्य गरेबापत रु ७०३५०।०० भत्ता भुक्तानी</td><td>कोष चालु</td><td>पारिश्रमिक कर</td><td>१०५५३।००</td></tr>
<tr><td>२३९-२०७१/१/३</td><td>अतिरिक्त समय कार्य गरेबापत रु ५३११६६।६७ भत्ता भुक्तानी</td><td>कोष चालु</td><td>पारिश्रमिक कर</td><td>७९६७५।००</td></tr>
<tr><td>२४०-२०७१/१/३</td><td>अतिरिक्त समय कार्य गरेबापत रु १३२८२५।०० भत्ता भुक्तानी</td><td>कोष चालु</td><td>पारिश्रमिक कर</td><td>१९९२४।००</td></tr>
<tr><td>-</td><td>जिल्ला विकास समितिले संकलन गरेको रोलर भाडा र हल भाडा रकममा कर दाखिला नगरेको</td><td>आन्तरीक आय</td><td>बहाल कर</td><td>१३८९०।००</td></tr>
<tr><td>२६२-२०७१/१/२३</td><td>तिहार खर्च रु ६९२४०।०० मा कर कट्टी नगरेको</td><td>कोष चालु</td><td>पारिश्रमिक कर</td><td>१०३८६।००</td></tr>
<tr><td>३३-२०७१/३/५</td><td>विभिन्न कर कट्टी रकम दाखिला नभएको</td><td>स्थानीय निकाय अन्य आय खाता</td><td>विभिन्न</td><td>५५२६।४५</td></tr>
<tr><td>२-२०७१/३/३१</td><td>विभिन्न कर कट्टी रकम दाखिला नभएको</td><td>आदिवासी जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान</td><td>विभिन्न</td><td>२२५०।००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>**२२४३९३।४५**</td></tr>
</table>
आर्थिक ऐनले गरेको व्यवस्था उपर ध्यान नदिएको कारण यसो हुन गएको देखिन्छ । जसले गर्दा सरकारी राजस्व न्युन हुन जान्छ । तसर्थ ऐनको व्यवस्था अनुसार लाग्ने कर कट्टी समयमै सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा दाखिला गर्नुपर्ने तथा कर कट्टा नभएकोमा सम्बन्धितबाट असुलउपर गरी कर दाखिला गर्नुपर्ने देखिएको रु .</td><td>२१८८६७००</td><td></td><td></td></tr>
<tr><td>३०</td><td></td><td><u>**कन्टेन्जेन्सी**</u> : स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा १४ (१) मा जिल्ला विकास समितिको आफनो स्रोतवाट सञ्चालित वा अन्य निकायको कार्यक्रम/ आयोजनालाई कार्यकुशलता, प्रभावकारिता तथा मितव्ययिताको सिद्धान्तअनुसार सञ्चालनमा सहयोग पुऱ्याउन पूँजीगत लगानीको समष्टिगत रकमवाट अनुसूची ९ मा उल्लेख भए वमोजिम ‘क’ ‘ख’ र ‘ग’ वर्गका जिल्लामा क्रमश ५, ४ र ३ प्रतिशत रकम छुट्याई खर्च गर्न सकिने र यस्तो खर्चको हिसाव अनुसूची १० बमोजिमको ढाँचामा राख्नुपर्ने व्यवस्था छ ।<br>कार्यालयले कार्यविधिको व्यवस्था अनुरुप आयोजनागत कन्टेन्जेन्सी खाता नराखी यस आ.व.को शीर्षकगत कन्टेन्जी खर्चको विवरण रजिष्टरमा राखेको छ । कार्यविधिको पालना नगरी खर्च गर्ने तथा विनियोजित वजेटलाई मात्र आधार मान्ने तर कार्यक्रममा हुने यथार्थ खर्चको अनुमान नगरी खर्च गर्ने, वजेट फ्रिज हुने अवस्थामा पनि कन्टिजेन्सी खर्च गरिहाल्न सहज वातावरण तयार गर्नका लागि कन्टिजेन्सी खाता प्रचलनमा नआएको देखिन्छ । सम्वन्धीत योजनाको अनुगमन, मूल्यांकन, रेखदेखको लागि कन्टिजेन्सी खर्च नहुने, पूँजिगत लगानीको समष्टिगत रकम भन्दा वढी खर्च हुने, वजेट फ्रिज</td><td></td><td></td><td></td></tr>
</table>

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | नगराउन वढी खर्च हुने, वास्तविक योजनाको लागि भन्दा अन्य प्रयोजनको लागि खर्च हुने, कार्यविधिले तोकेका अनुसूची अनुसारको ढांचामा खर्च विवरण नराख्नाले वास्तविक कति खर्च हुन गयो सो को अभिलेख नदेखिने जस्ता प्रभाव रहन्छ ।<br>तसर्थ, कार्यविधिले तोकेको विधि र प्रक्रियाबमोजिम कन्टेन्जेन्सी खाता र खर्च सम्बन्धि कार्ययोजना परिषदबाट परित गराई तोकिएका क्रियाकलापमा खर्च गर्ने परिपाटीको विकास कार्यालयले गर्नुपर्ने देखिन्छ । | | | |
| ३१ | २०-२०७१/३/२३ | **खर्च सम्बन्धि बिबरण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ११९(१) अनुसार प्रत्येक स्थानीय निकायले आम्दानी खर्चको लेखा र लेखामा रहने प्रमाणिक कागजात सिलसिलाबद्ध तरिकाले राख्नुपर्ने व्यवस्था छ । कार्यालयले एलजिसिडिपि कार्यक्रमतर्फ ५ नागरीक सचेतना केन्द्रका लागि २ गाविसमा सोझै अनुदान स्वरुप रु ७ लाख खर्च लेखेको छ ।<br>खर्चको लेखांकनको समयमा श्रेस्तासाथ आवश्यक पर्ने खर्चका पुष्ट्याईहुने कागजातहरु संलग्न गर्न ध्यान नदिएको कारण यसप्रकारको भुक्तानी हुन गएको हो । यसबाट भुक्तानीसंग सम्बन्धित कागजातहरुको प्रयाप्त पुष्ट्याई बेगर खर्च लेख्ने प्रवृत्तिको विकास हुन जान्छ । अत : खर्चको प्रर्याप्त पुष्ट्याई हुने कागजातसाथ खर्चको विवरण खुल्ने कागजातहरु संलग्न गरी रु ७०००००.०० मध्येको वास्तविक खर्च यकिन गर्नुपर्ने देखिएको छ । | | | |
| ३२ | | **प्रतिवेदन :** संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको मठमन्दिर सम्बन्धी खर्च गर्न रकम निकासा सम्बन्धी निर्देशनको बुँदा नं. ६ मा आ.व.समाप्त भएको २ महिनाभित्र सम्बन्धित संस्थासँग आर्थिक एवं प्राविधिक प्रतिवेदन र लेखापरीक्षण समेत गराई जिविसमार्फत मन्त्रालयमा पठाउने व्यहोरा उल्लेख छ । कार्यालयले स्थानीय निकाय अन्य आय खाताबाट मन्त्रालयले तोकेर पठाएका १० योजनामा रु २३४९९२५।०० निकासा गरेकोमा उक्त निर्देशनको पालना गरेको देखिएन । निर्देशनको पालनामा कार्यालयले ध्यान नदिएबाट निकासा भएको रकमको उपयोगका सम्बन्धमा सन्देह हुनजान्छ । अतः अनुदानस्वरुप रकम निकासा दिइएको रकम तत् तत् योजनामा उपयोग भए नभएको यकिन गरी निर्देशनबमोजिम प्रतिवेदन गर्ने प्रणालीको विकास गर्नुपर्दछ । | | | |
| ३३ | | **अनुदान फ्रिज –** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४३ (५) अनुसार नेपाल सरकारको केन्द्रीय बजेट मार्फत कार्यालयलाई प्राप्त भएको रकम खर्च नभई वर्षान्तमा बांकी हुन आएमा त्यस्तो बांकी रकम कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता पठाई फ्रिज गर्नुपर्दछ ।<br>यस वर्ष जिल्ला विकास समितिले आफू अन्तर्गतका विभिन्न १६ गाउं विकास समितिमा चालूतर्फ रु.६६८००००।०० र पूंजीगततर्फ रु.२४७६००००।०० समेत कुल रु ३१४४००००।०० निकासा दिएको रकममध्ये के कति खर्च भई वर्षान्तमा के कति बांकी भएको छ ? सो सम्बन्धी विवरण | | | |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | जिल्ला विकास समितिले गाउं विकास समितिहरुबाट लिई त्यस्तो बांकी रकम कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता पठाई फ्रिज गर्नुपर्नेमा त्यसो नगरी निकासा भएको सबै रकम खर्च मानी आर्थिक विवरण बनाउने गरेको देखियो ।<br>गाउं विकास समितिहरुको लेखापरीक्षण कार्य समयमै सम्पन्न नहुने हुंदा निकासा र खर्चको अद्यावधिक विवरण तयार नभएको कारणबाट यो अवस्था विद्यमान भएको देखिन्छ ।<br>गाउ विकास समितिको आन्तरिक तथा अन्तिम लेखापरीक्षण गर्दा केन्द्रीय वजेटवाट निकासा रकम भएको र सम्वन्धित शीर्षकमा आर्थिक वर्ष भित्र खर्च भई वचत रहेको रकम यकिन गरी प्रतिवेदन गर्नुपर्दछ । कतिपय गाउ विकास समितिको लेखापरीक्षण भएको आर्थिक विवरणमा अनुदान रकमवाट खर्च स्पष्ट हुने आर्थिक विवरण तयार भएको देखिएन । तथापी केहि गाउ विकास समितिको जिल्ला विकास समितिवाट आ.व.२०६९।७० मा अनुदान निकासा गएको रकम मध्ये निम्नानुसार खर्च नभई बांकी रहेको सो आर्थिक वर्षको आन्तरिक लेखापरीक्षण प्रतिवेदनवाट देखियो । नियमानुसार गाउ विकास समितिले आर्थिक वर्षको अन्तमा वचत रहेको रकम जिविस मार्फत फिर्ता पठाएको नपाइएकोले सो रकम गाविसहरुबाट फिर्ता गरी फ्रिज खाता दाखिला हुनुपर्ने देखिएको रु | ११२९४८६.०० | | |

| क्र.स | गा.वि.स.को नाम | वचत रहेको रकम |
|---|---|---|
| १ | गाउ विकास समितिको कार्यलय, दुवाकोट | २५००००.०० |
| २ | गाउ विकास समितिको कार्यलय, झौखेल | २००८०.०० |
| ३ | गाउ विकास समितिको कार्यलय, चांगु नारायण | २१५४०६.०० |
| ४ | गाउ विकास समितिको कार्यलय, वागेश्वरी | २०८६०.०० |
| ५ | गाउ विकास समितिको कार्यलय, सुडाल | ५४०००.०० |
| ६ | गाउ विकास समितिको कार्यलय, नंखेल | २९४६३५.०० |
| ७ | गाउ विकास समितिको कार्यलय, सिपाडोल | २२२००.०० |
| ८ | गाउ विकास समितिको कार्यलय, दधिकोट | १७१२.०० |
| ९ | गाउ विकास समितिको कार्यलय, सिरुटार | २५०५९३.०० |
| | **जम्मा** | **११२९४८६.००** |

गाउं विकास समितिहरुको लेखापरीक्षण कार्य समयमै सम्पन्न नहुने हुंदा निकासा र खर्चको अद्यावधिक विवरण तयार नभएको कारणबाट यो अवस्था विद्यमान भएको देखिन्छ ।

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | केन्द्रीय बजेट मार्फत निकासा दिएको रकममध्ये वर्षान्तमा बांकी रकम यकिन गरी फ्रिज गर्नुपर्ने रकम फ्रिज नगराउंदा आर्थिक अनियमितता हुने सम्भावना रहनुका साथै नियमावलीको व्यवस्था परिपालना समेत नहुने अवस्था विद्यमान रहन्छ । जिल्ला विकास समितिले गाउं विकास समितिहरुलाई केन्द्रीय बजेट मार्फत निकासा दिएको रकममध्ये वर्षान्तमा बांकी रकम यकिन गरी फ्रिज गराउनेतर्फ अविलम्ब कारबाही गर्नुपर्दछ । | | | |
| ३४ | | **कार्य सम्पादन जमानत :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ११८ (४) बमोजिम खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा वाहेक कार्यसम्पादन जमानतको मान्य अवधि त्यस्तो सम्झौतामा उल्लिखित मालसामान आपूर्ति वा हस्तान्तरण गर्नु पर्ने अन्तिम अवधि वा प्रत्याभूति (वारेन्टी) को अवधि वा निर्माण कार्यको त्रुटि सच्याउने दायित्व (डिफेक्ट लायबिलिटिज) को अवधि भन्दा कम्तीमा एक महिना बढी अवधिको हुनुपर्ने व्यवस्था छ । कार्यालयले भारतीय दुतावास सहयोग कार्यक्रम अन्तर्गत महेन्द्र शान्ति मा.वि.भवन निर्माणका लागि श्याम सुन्दर/एस.पि.जे.भीसँग मिति २०६८।११।५ मा रु १२४१७०३५।५० (मु.अ.करसमेत) मा सम्झौता गरी निर्माण कार्य सञ्चालन गरेकोमा निर्माण व्यावसायीले मिति २०७०।७।३० सम्मको म्याद थपका लागी निवेदन गरेतापनि कार्यालयले २०७०।४।३० सम्म म्याद थप गरेको पाइयो ।<br><br>उक्त म्याद समाप्त भैसकेको अवस्थामा प्राप्त भएको तेश्रो रनिङ्ग विलमध्ये रु ५०००००।०० पेश्की फर्छयौट समेत भएको छ । निर्माण व्यावसायीको नाममा पेश्की रु २१९७७००।०० रहिरहेको तथा पेश्की जमानतको अवधि २०७०।७।२८ सम्म रहेको अवस्थामा उक्त म्याद थप पश्चात कार्यालयले थप अवधिको पेश्की जमानतका लागि ताकेता गरेको भएतापनि २०७१।१०।२८ मा म्याद समाप्त भैसकेको कार्य सम्पादन जमानतका लागि लेखापरीक्षण अवधिसम्म ताकेता गरेको छैन । साथै, निर्माण कार्य मिति २०७०।१२।१४ मा वैशाख मसान्तसम्म सम्पन्न गर्ने गरी कार्यतालिका पेश गर्न पत्र लेखेकोमा पुनः मिति २०७०।१२।२० मा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२८ बमोजिम हुने व्यहोराको पत्र लेखेको छ । त्यसैगरी, महेन्द्र शान्ती मा.वि. व्यवस्थापनले मिति २०७०।१२।२२ मा कार्य सम्पन्न गराउन जिल्ला विकास समितिमा निवेदन गरेको अवस्थामा मिति २०७१।१०।२३ मा नयाँ भवन सञ्चालनमा आएको व्यहोरा विद्यालयबाटै आएकोमा हस्तान्तरणको व्यवस्था हुन निवेदन दिएको देखिन्छ । निर्माण कार्यका लागि हालसम्म पेश्की बाहेक रु ४६१०८६८।४८ भुक्तानी भैसकेको अवस्थामा सञ्चालित योजना हालसम्म पनि कार्यसम्पन्न प्राप्त भैनसकेको अवस्थामा विद्यालयले भवन सञ्चालनमा ल्याएको, थप अवधिको पेश्की र कार्य सम्पादन जमानत प्राप्त हुन नसकेको, व्यावसायीलाई कार्यालयले ताकेता गरेको जस्तो देखिएतापनि नियमावली बमोजिम हर्जाना असुल नगरेको तथा लामो समयसम्म निर्माण कार्य लम्बिएको कारण सञ्चालित योजना समस्याग्रस्त देखिएको छ । | | | |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | ठेक्का व्यवस्थापन जटिल बन्दै गएको कारण निर्माण व्यवसायीले समयमै कार्य सम्पन्न गर्न नसकेको अवस्थामा भएको भुक्तानीको सुरक्षणमा असर पर्ने देखिन्छ । तसर्थ कार्यसम्पादन जमानतका शर्तहरुका सम्बन्धमा कार्यालय सचेत भई खरीद प्रक्रियालाई थप व्यवस्थित गर्नुपर्ने र निर्माण कार्यलाई यथाशिघ्र सम्पन्न गराउनेतर्फ संवेदनशिल हुनुपर्ने देखिन्छ । | | | |
| ३५ | | **तलवी प्रतिवेदन** : निजामति सेवा ऐन २०४९ को दफा ७ (ख) २ अनुसार स्थानीय निकायमा कार्यरत निजामती कर्मचारीहरुको वार्षिक तलबी प्रतिवेदन जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट र स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ५८ (ञ) अनुसार स्थानीय निकायमा कार्यरत कर्मचारीहरुको तलवी प्रतिवेदन आन्तरिक लेखापरिक्षण शाखाले गर्नुपर्ने व्यवस्था छ । यस वर्ष कार्यालयले निजामती(प्राविधिक कार्यालय समेत) लगायत अन्य कर्मचारीलाई मासिक रुपमा रु ११२६४३७०० को दरमा तलव भत्तामा भुक्तानी गरेको देखिएतापनि तलबी प्रतिवेदन पारीत गराएको छैन । ऐन नियमको पालना नगर्नु र सोको विपरित तलब खर्च लेख्ने गर्नु नै यसको प्रमुख कारण हो । यस सम्बन्धमा विगतको लेखापरीक्षण प्रतिवेदनले समेत औंल्याएकोमा यस आ.व.मा पनि सोही व्यहोरा दोहोरीनु नियममा भएका व्यवस्थाको परिपालना गर्न गराउन जिल्ला विकास समिति उदासिन रहेकोले यसप्रकारको अवस्था सिर्जना भएको हो ।<br>यसबाट कार्यरत कर्मचारीले कति तलब र ग्रेड पाउने हो सोको स्पष्ट आधार एकिन नभई तलब खर्च वृद्धि हुने सम्भावना रहन्छ तसर्थ ऐन नियममा भएको व्यस्थाको पालना गरी तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने तर्फ सम्बन्धित निकायको ध्यान जानु पर्दछ । | | | |
| ३६ | | **आन्तरिक नियन्त्रण प्रणाली मूल्यांकन –** कुनैपनि कार्यालयले आफुले सम्पादन गर्ने कार्यहरु मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय बनाउन तथा प्रचलित कानूनबमोजिम कार्यसम्पादन गर्न आ-आफ्नो कामको प्रकृतिअनुसारको उपयुक्त आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्दछ । जसलाई आर्थिक कार्यविधि नियमावलीले समेत व्याख्या गरेको छ । लेखापरीक्षणको क्रममा कार्यालयको आन्तरिक नियन्त्रण प्रणालीको मूल्यांकनका लागि भरिएको अनुसूची २२ को चेकलिष्ट अनुसार २४ वटा बुँदा मध्ये निम्नानुसार व्यहोरा रहेका छन् : | | | |

| क्र.सं. | विवरण | कैफियत |
|---|---|---|
| १ | वार्षिक खरिद योजना बनाएको | निर्धारित ढाँचामा नहुनुका साथै अपूर्ण रहेको |
| २ | मूल्य नखुलेका पुराना सामानको मूल्य कायम गराई राखेको | अन्यत्रबाट हस्तान्तरण भै आएका साथै अन्य सामानहरुको मूल्य नखुलेको |
| ४ | चल्ती मेसिन र सवारीसाधन मर्मत गर्दा म.ले.प.फा.नं.२ मा अभिलेख राखेको | नरहेको । मर्मत सम्बन्धी खर्चको विवरण समेत अद्यावधिक र व्यवस्थित नरहेको । |

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं.र मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td></td><td>
<table>
<tr><td>५</td><td>सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ बमोजिम तालुक कार्यालयले निरीक्षण गरेको</td><td>मातहत कार्यालयहरुको समय समयमा निरीक्षण हुने गरेको भएतापनि व्यवस्थित प्रतिवेदन र अभिलेखको व्यवस्था नरहेको</td></tr>
<tr><td>६</td><td>कार्यालयको निरीक्षण पुस्तिकामा उल्लिखित व्यहोराको कारबाही गरेको</td><td>छैन</td></tr>
<tr><td>७</td><td>समयमा नै पेश्की फछ्र्यौट हुने गरेको</td><td>समयमा पेश्की फर्छ्यौट नभई गत विगतका पेश्कीको मात्रा अत्यधिक रहेको ।</td></tr>
<tr><td>८</td><td>कार्यालय/आयोजनाले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरू पहिचान गरेको</td><td>छैन</td></tr>
<tr><td>९</td><td>पहिचान भएका जोखिम निराकरणको प्रयास गरेको</td><td>छैन</td></tr>
</table>
कार्यालयले आफ्नो आन्तरी नियन्त्रण व्यस्थालाई चुस्त राख्नका लागी पर्याप्त ध्यान नदिएको कारण यस्तो अवस्था सिर्जना भएको हो । यसबाट कार्यालयको आन्तरीक वातावरण व्यवस्थित र प्रणालीवद्ध नहुने तथा कार्यालयको कार्य वातावरण अव्यवस्थित हुन जान्छ । आन्तरीक नियन्त्रण प्रणाली व्यवस्थित गर्नेतर्फ कार्यालयले ध्यान दिनुपर्ने देखिएको छ छ ।
</td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td>व.उ.शी.नं.३५८३७३ (साना सिचाई नदी नियन्त्रण कार्यक्रम)</td><td></td><td></td><td></td></tr>
<tr><td>३७</td><td></td><td>म्याचिङ फण्ड – यस कार्यक्रमको कार्यक्रम कार्यान्वयन निर्देशिका तथा शर्तमा नदी नियन्त्रण कार्यक्रमतर्फ विनियोजन भएको बजेटको ५० प्रतिशतसम्म आपतकालीन बचाउको लागि विनियोजन गर्न सकिने छ । नदी नियन्त्रणतर्फको बजेटबाट आपतकालीन बचाउको लागि छुट्याएको रकम बराबर रकम जिल्ला विकास समिति स्वकोषबाट म्याचिङ फण्डमा राख्नुपर्ने व्यवस्था छ । कार्यालयलाई यो वर्ष प्राप्त अख्तियारीमा नदी नियन्त्रण कार्यमा रु.१० लाख प्राप्त भएको देखिन्छ । उक्त रकममध्ये निर्देशिका बमोजिम रु.५ लाख नदी नियन्त्रण कार्यक्रममा रु.५ लाख आपतकालीन बचाउ छुट्याई जिल्ला देवी प्रकोप कोषमा लगेको देखिन्छ । जिल्ला विकास समितिले स्व कोषवाट म्याचिङ फण्ड राखेको पाइएन । कार्यालयले म्याचिङ फण्ड तथा केन्द्रबाट प्राप्त बजेटबाट संयुक्त रुपमा रकम समावेश गर्नुपर्ने कार्यक्रममा म्याचिङ फण्ड खडा नगरी केन्द्रीय बजेटबाट प्राप्त रकम कोषमा रार्ख्ने कार्य नियमसंगत नदेखिएन ।</td><td></td><td></td><td></td></tr>
</table>

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| ३८ | | **जलउपभोक्ता समिति** – स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा २(घ) मा आयोजनाबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरुको समूहले कुनै आयोजना निर्माण सञ्चालन व्यवस्थापन र मर्मत सम्भार कार्य गर्नका लागि आफूहरुमध्येबाट निश्चित प्रक्रिया बमोजिम गठन गरेको समिति सम्झनु पर्दछ भनी परिभाषा गरेको छ । यसैगरी सिंचाई तथा खानेपानी सम्बन्धी जलउपयोग गर्ने समूह वा उपभोक्ताले जलस्रोत ऐन, २०४९ को दफा ५(२) र नियमावली, २०५० को नियम ६ बमोजिम समिति दर्ता गर्नुपर्ने व्यवस्था छ ।<br><br>जिल्ला विकास समितिको पूँजीगत कार्यक्रम अन्तर्गत सिंचाई आयोजना सञ्चालन गर्दा गठन भएका उपभोक्ता समितिहरु जलस्रोत ऐन तथा नियमवालीबमोजिम जलस्रोत समितिमा दर्ता भएको पाइएन । कानूनी व्यवस्था अनुसार उपभोक्ता समिति गठन नहुँदा कुनै व्यक्तिको अभिरुचीमा समिति गठन हुने, काम सम्पन्न भएपछि उपभोक्ता समितिको अस्तित्व नरहने र स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधिले परिकल्पना गरेबमोजिम आयोजनाको निरन्तर सञ्चालन व्यवस्थापन नहुने र मर्मत सम्भारको कुनै व्यवस्था नहुने तथा कानूनत: जिम्मेवार कोही नहुने अवस्था देखियो ।<br><br>निर्मित संरचनाको दिगोपनलाई दृष्टिगत गरी उपभोक्ता समिति मार्फत काम गराउने भए तापनि सो उद्देश्य यसरी अल्पकालीन समिति गठन हुनाले उद्देश्य पूरा हुने देखिएन । कानूनको पालना र योजनाको सञ्चालन व्यवस्थापन र मर्मत सम्भारको बारेमा ध्यान नदिनु यसको प्रमुख कारण रहेको पाइयो । यी समितिहरु कुनै पनि नियमनकारी निकायमा दर्ता नभएका छैनन। यस प्रकार उपभोक्ता समितिवाट गराएको निर्माण कार्य प्रक्रिया नियमसंगत देखिएन । यस्ता उपभोक्ता समितिवाट गरेको कार्य निम्नानुसार रहेको छ : | | | |

| आयोजना तथा उपभोक्ता समितिको नाम | उपभोक्ता संगको संझोता रकम | काम गरेको मूल्य | जिविसवाट भुक्तानी रकम |
|---|---|---|---|
| चरखण्डी वालकोट सिचाइ जल उपभोक्ता समिति | १६६८०२ | १६८५६७ | १५०००० |
| चित्रपुर मुनिको कुलो जल उपभोक्ता समिति | १११५८३ | ११८८८९ | १००००० |
| रामाटे कुलो जल उपभोक्ता समिति | १२५२५६ | १२५६५६ | १००००० |
| त्रिवेणी खोला सिचाइ जल उपभोक्ता समिति | २६६०९९ | २६५५२४ | १५०००० |
| गैरीडोल सिचाइ जल उपभोक्ता समिति | ११९०८१ | ११९०८१ | ३३००० |
| गुहेखोला वाध सिचाइ जल उपभोक्ता समिति | ११६४७५ | ११८९३५ | १००००० |
| सेराफाट सिचाइ जल उपभोक्ता समिति | १२२२३२ | १२२०५० | १००००० |
| भिगाली सिचाइ जल उपभोक्ता समिति | १६०१४८ | १५९४३४ | १५०००० |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|

| | | | |
|---|---|---|---|
| सुवाडोल कुलो सिचाइ जल उपभोक्ता समिति | १११२२४.५४ | १११२२४.५४ | ८३००० |
| संगममाई दोर्खुखोला जल उपभोक्ता समिति | १७५३४४ | १७४४८९ | १५०००० |
| महादेवखोला सिचाइ जल उपभोक्ता समिति | १०९१४३ | ११०२८० | १००००० |
| **जम्मा** | **१५८३३८७.५४** | **१५९४१२९.५४** | **१२१६०००** |

जल उपभोक्तासंग भएको संझौताको शर्त नं.१० (घ) मा २० प्रतिशत भन्दा घटी जन श्रमदान भएमा विनियोजन रकम घटाइं भूक्तानी दिने उल्लेख छ । कार्यालयले निम्न सिचाई योजनामा २० प्रतिशत भन्दा घटी जनश्रमदान गरेकोमा पनि पुरै रकम भूक्तानी गरेको छ । संझौतालाई विचार नगरी उपभोक्तालाई भूक्तानी दिने कार्यले वढी भूक्तानी हुन गएको छ । सम्झौताका शर्त विपरित वढी भूक्तानी दिएको रकम सम्वन्धित उपभोक्तावाट अशुल हुनुपर्ने रु.

रकम: ६९५२५/-

| आयोजना तथा उपभोक्ता समितिको नाम | उपभोक्तासंगको संझोता रकम | कामको मूल्याङ्कन | जिविसवाट भुक्तानी | उपभोक्ताले गर्नुपर्ने श्रमदान | श्रमदान गरेको % | श्रमदान घटी % | भूक्तानी गर्नुपर्ने | वढी भूक्तानी |
|---|---|---|---|---|---|---|---|---|
| चरखण्डी वालकोट सिचाइ जल उपभोक्ता समिति | १६६८०२ | १६८५६७ | १५०००० | १८५६७ | १२.३७ | ७.६२२ | १३४८५४ | १५१४६ |
| चित्रपुर मुनिको कुलो जल उपभोक्ता समिति | १११५८३ | ११८८८९ | १००००० | ११५८३ | ११.५८३ | ८.४१७ | ९५१११.२ | ४८८८.८ |
| गुहेखोला वाध सिचाइ जल उपभोक्ता समिति | ११६४७५ | ११८९३५ | १००००० | १६४७५ | १६.४७ | ३.५२५ | ९५१४८ | ४८५२ |
| भिगाली सिचाइ जल उपभोक्ता समिति | १६०१४८ | १५९४३४ | १५०००० | १०१४८ | ६.७६ | १३.२३ | १२७५४७ | २२४५३ |
| संगममाई दोर्खुखोला जल उपभोक्ता समिति | १७५३४४ | १७४४८९ | १५०००० | २५३४४ | १६.८९ | ३.१० | १३९५९१ | १०४०९ |
| महादेवखोला सिचाइ जल उपभोक्ता समिति | १०९१४३ | ११०२८० | १००००० | ९१४३ | ९.१४३ | १०.८६ | ८८२२४ | ११७७६ |
| **जम्मा** | **८३९४९५** | **८५०५९४** | **७५००००** | **९१२६०** | | | **६८०४७५** | **६९५२५** |

**व.उ.शी.नं.३५८०८३ (स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम)**

३९ **मिलेमतोमा ठेक्का छोडेको:** सार्वजनिक खरिद ऐनको दफा २३ (६) मा कुनै वोलपत्रदाताले आपसमा मिलोमतो गरी वोलपत्र दाखिला गरेको प्रमाणित भएमा त्यस्ता वोलपत्रहरु रद्ध हुने छन भन्ने व्यवस्था छ । साथै, दफा ६२ (च) मा प्रस्तावदाताहरुबीच खरिदसम्बन्धी काम बाँडफाँड गर्ने वा बोलपत्र वा प्रस्तावको मूल्य कृत्रिम वा अप्रतिस्पर्धी तरिकाले कायम गर्ने वा अन्य कुनै तरिकाले सार्वजनिक

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं.र मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td></td><td>निकायलाई खुल्ला तथा स्वतन्त्र प्रतिस्पर्धाको लाभबाट वञ्चित गर्ने उद्देशयले बोलपत्र वा प्रस्ताव पेश गर्नुभन्दा अघि वा पछि मिलेमतो वा गुटबन्दीमा संलग्न हुन नहुने व्यवस्था छ । कार्यालयले सिलवन्दी वोलपत्रको मध्यमवाट ठेक्का नं.१८ मादले पाटी गुण्डु सडक ठेक्का नं.१७ हर्षचोक किवा सडकको निर्माण कार्यको लागि पहिलो घटी कवोल गर्ने निर्माण व्यवसायीले अर्को ठेक्कमा समावेश गनुपर्ने दर कवोल गरेको व्यहोरा जनाई स्वीकृत भएको ठेक्का छोडेका कारण दोश्रो घटी कवोल गर्ने निर्माण व्यवसायीको वोलपत्र स्वीकृत गरेको छ ।<br>एक ठेक्कामा पहिलो घटी दर भएका निर्माण व्यवसायी नै दोश्रो घटी कवोल गर्ने भएको देखिएकोले मिलोमतोमा ठेक्का छोडेको देखिन आयो । कार्यालयले उक्त विषयलाई ध्यान नै नदिइ दोश्रो घटविालासंग खरिद संझौता गरेको छ । कानूनी व्यवस्था अनुसार नगरेको र पहिले कवोल गरेको तुलनामा निम्नानुसार वढी लागत लागेको देखिएकोले यस प्रकार गरिएको खरिद संझौता कानून संम्मत नदेखिएको रु.
<table>
<tr><th>ठेक्का नं.</th><th>विवरण</th><th>चित्रपुर निर्माण सेवा</th><th>एनपियस निर्माण सेवा</th></tr>
<tr><td>१७-०७०।७१</td><td>पहिलो घटी कवोल</td><td>१८८६७७.५८</td><td>-</td></tr>
<tr><td></td><td>दोश्रो घटी कवोल</td><td>-</td><td>३१६५२०.२५</td></tr>
<tr><td></td><td>फरक</td><td colspan="2">**१२७८४२.६७**</td></tr>
<tr><td>१८-०७०।७१</td><td>पहिलो घटी कवोल</td><td>-</td><td>२२३८६०.८२</td></tr>
<tr><td></td><td>दोश्रो घटी कवोल</td><td>३६७६०७.९४</td><td>-</td></tr>
<tr><td></td><td>फरक</td><td colspan="2">**१४३७४७.१२**</td></tr>
</table></td><td>२७१५८९/७९</td><td></td><td></td></tr>
<tr><td></td><td></td><td>**स्थानीय स्तरका सडक पुल(३६५८३१३)**</td><td></td><td></td><td></td></tr>
<tr><td>४०</td><td></td><td>भक्तपुर नगरपालिका र ताथली गाविस जोडने ब्रम्हायणी दिनमा पक्की पुल रु १६१९५९९३।९० को लागतमा सम्पन्न गर्ने गरी निर्माण व्यावसायी धुकुछु तुल्सी जे.भी.सँग २०६७।७।१८ मा सम्झौता भएको थियो । ठेक्को शुरुको मयाद २०७०।२।३० सम्म रहेको भएतापनि निर्माण कायमा भएको ढिलाईका कारण भेरिएशनबाट रु २४२७६७७।८० काम थप सहित दोश्रोपटक २०७१।२।३० सम्मको म्याद थप भएको देखिन्छ । निर्माण व्यावसायीबाट २०७१।२।३५ मा अन्तिम बील पेश गरी कुल रु १७१६१९९०।५७ भुक्तानी भएको देखिन्छ । उक्त निर्माण कायृका सम्बन्धमा देखिएका व्यहोराहरु देहायअनुसार छन् :</td><td></td><td></td><td></td></tr>
<tr><td>४०.१</td><td></td><td>**अन्तिम भुक्तानी तथा कार्यसम्पन्न प्रतिवेदन :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १३३ मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिनभित्र निर्माण व्यावसायीले निर्माण बमोजिमको एज विल्ट(नक्सा) स्थानीय निकायमा बुझाउनुपर्ने व्यवस्था छ ।</td><td></td><td></td><td></td></tr>
</table>

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | त्यसैगरी खरिद सम्झौताको शर्तमा निर्माण व्यावसायीले कार्य सम्पन्न भएपछि हार्ड कपि र डिजिटल कपि समेत कार्यालयमा बुझाउनुपर्ने व्यवस्था छ । कार्यालयले निर्माण व्यावसायीबाट एज विल्ट ड्रइङ्ग नै नलिई अन्तिम विल रु १००००५५।०० भुक्तानी दिएको छ ।सोही नियमावलीको नियम ११८ मा कार्यासम्पादन जमानत र बीमा अवधि त्रुटी सच्याउने अवधिसम्मको हुनुपर्ने व्यवस्था छ ।<br>निर्माण व्यावसायीले पेश गरेको बीमाको कभरेज २०७१ श्रावण र कार्यसम्पादन जमानतको अवधि २०७१ आषाढसम्म रहेको देखिन्छ । यसो हुनुमा त्रुटी सच्याउने अवधिभित्र निर्माण कार्य सुरक्षण रहनु रहेको छ । खरिद सम्झौता र नियमको व्यवस्था अनुसार निर्माण सम्पन्न भएको १ वर्षसम्म त्रुटी सच्याउने अवधि रहेको कार्यको आवश्यक जमानत लिई राख्नुपर्दछ । | | | |
| ४०.२ | | **एप्रोच रोड तयार नभएको :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा सार्वजनिक निकायले निर्माणस्थलको व्यवस्था नभई निर्माण कार्यको खरिद कारवाही शुरु गर्न नहुने व्यवस्था गरेको छ । यस पुलको निर्माण कार्य शुरु गर्नुपूर्व निर्माणस्थलको विवाद समाधान नगरी कार्य गराएकोले पुल निर्माण भई सकेपछि पनि एप्रोच रोड बन्न नसकी सहजरुपमा पुलबाट आवतजावत हुन नसकेको स्थलगत नीरिक्षणका क्रममा देखियो । पुल सम्पन्न भएको ९ महिना व्यतित भैसकेको स्थितिमा लेखापरीक्षण अवधि २०७१।११।२८ सम्म पनि पुल सहज तरिकाबाट सञ्चालनमा नआउनुमा विवादित स्थलको समस्या नीरिक्षण नहुनु रहेको छ । यसले गर्दा १७१६१९९०।५७ को लागतमा निर्माण सम्पन्न भएको पुलको सहज उपयोग गर्नेतर्फ कार्यालयबाट विशेष पहल हुनुपर्ने देखिन्छ ।<br><br>स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १३३ मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिनभित्र निर्माण व्यावसायीले निर्माण बमोजिमको एज विल्ट(नक्सा) स्थानीय निकायमा बुझाउनुपर्ने व्यवस्था छ । त्यसैगरी खरिद सम्झौताको शर्तमा निर्माण व्यावसायीले कार्य सम्पन्न भएपछि हार्ड कपि र डिजिटल कपि समेत कार्यालयमा बुझाउनुपर्ने व्यवस्था छ । कार्यालयले निर्माण व्यावसायीबाट एज विल्ट ड्रइङ्ग नै नलिई अन्तिम विल रु १०,००,०५५।०० भुक्तानी दिएको छ । यसैगरी, सोही नियमावलीको नियम ११८ मा कार्यासम्पादन जमानत र बीमा अवधि त्रुटी सच्याउने अवधिसम्मको हुनुपर्ने व्यवस्था छ । निर्माण व्यावसायीले पेश गरेको बीमाको कभरेज २०७१ श्रावण र कार्यसम्पादन जमानतको अवधि २०७१ आषाढसम्म रहेको देखिन्छ । यसो हुनुमा त्रुटी सच्याउने अवधिभित्र निर्माण कार्य सुरक्षण रहनु रहेको छ । खरिद सम्झौता र नियमको व्यवस्था अनुसार निर्माण सम्पन्न भएको १ वर्षसम्म त्रुटी सच्याउने अवधि रहेको कार्यको आवश्यक जमानत लिई राख्नुपर्दछ । | | | |
| ४१ | | **अतिरिक्त समय भत्ता :** स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को परिच्छेद ४ को २३(ङ) मा पहिलो चौमासिकभित्रै लागत अनुमान डिजाइन तयार गरी खरिद प्रक्रियाहरु पुरा गर्नुपर्ने व्यवस्था छ । | | | |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | साथै, कार्यालयको कार्यप्रकृतिअनुसार उपलब्ध जनशक्तिबाट नियमितरुपमा गर्नुपर्ने कार्यसम्पादन गरेबापत अतिरिक्त सुविधा लिन पाइने कानूनत व्यवस्था छैन । यस कार्यालयले २०७० फागुन १ देखी १५ गतेसम्म जिल्ला दररेट अनुसार लागत अनुमान तयार गर्न कार्यालयसमय भन्दा बढी समय बस्नुपरेको जनाई ६ जना प्राविधिक र २ जना श्रेणीविहिन कर्मचारीलाई रु २०३००।०० अतिरिक्त समय भत्ता भुक्तानी गरेको देखियो ।<br>पहिलो चौमासिक अवधिमै सम्पन्न गरिसक्नुपर्ने कामको लागि दोश्रो चौमासिकमा गर्नुपर्ने र नियमित कामको लागि अतिरिक्त समय भत्ता दिन मिल्ने देखिएन । यसो हुनुमा आर्थिक अनुशासनलाई पालना नगर्नु नै देखिन्छ । यसरी भुक्तानी भएको खर्च नियमसंगत नदेखिएको रु | २०३००.०० | | |
| | | **जिविस कोष पूँजीगत** | | | |
| ४२ | | **वितरणमूखी कार्यक्रम :** स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को प्रकरण १०(७) मा लक्षित समूहको कार्यक्रम सञ्चालन गर्दा लक्षित समूहको पूँजी निर्माण, सेवा प्रवाहमा गुणस्तरीय सुधार तथा क्षमता विकास भएको मापन गनृ सकिने ठोस कायृक्रम वा आयोजनामा मात्र रकम विनियोजन गर्नुपर्ने र लक्षित समूहको नाममा कुनैपनि प्रकारको वितरणमुखी कार्यक्रम सभा सम्मेलन वा गोष्ठी जस्ता कार्यक्रम सञ्चालन गर्न नपाइने व्यवस्था छ । कार्यालयले निम्नानुसार वितरणमुखी कार्यमा खर्च गरेको देखियो । कार्यविधिलाई विचार नगरी खर्च गरेको देखिन्छ । कार्यविधिले व्यवस्था गरे अनुरुप योजना तथा कार्यक्रम बनाई खर्च गर्नुपर्नेमा सो प्रक्रिया बेगर गरेको खर्च नियमसंगत नदेखिएको रु | ३१८५०७.७७ | | |

| भौ.नं. र मिति | विवरण | बुझिलिने | रकम |
|---|---|---|---|
| १५२-२०७०/१०/९ | विद्युत तारपोल | सिताराम केसी बालकोट | ९३००.०० |
| १८०-०७०/१०/२९ | ढुंङ्गा | राम बन्नेपाल सुडाल | ३१०००.०० |
| ३०९-०७१/१/३० | पानी टंकी | भक्तपुर नगरपालिका | २१९९७.८० |
| ३३१-०७१/२/५ | प्रोजेक्टर | महेन्द्र उ.मा.वि.सुडाल | ४९१५५.०० |
| ३३३-०७१/२/५ | विद्युत पोल | न्हुँछे कृष्ण श्रेष्ठ, चित्तपोल | २२६००.०० |
| ४८५-०७१/२/५ | जस्ता | महानगरीय प्रहरी परिसर | ४०३००.०० |
| ५१०-०७१/३/३१ | आरसीसी रिङ्ग र पाइप | प्रविण कार्की, चित्तपोल | ४९२९१.९७ |
| ५११-०७१/३/३२ | बोरा खरिद | - | ९४८६३.०० |
| | | **जम्मा** | ३१८५०७.७७ |

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं.र मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको विवरण</th><th>रकम</th></tr>
<tr><td>४३</td><td></td><td>

**योजना सम्झौता :** स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को ५१(ट) मा प्रत्येक आर्थिक वर्षको वैशाख मसान्तपछि नया आयोजनामा सम्झौता गर्न वा पेश्की दिन नपाइने व्यवस्था गरेको छ । कार्यालयले निम्नानुसार कार्यविधिको व्यवस्थाभन्दा फरक गरी २०७१ वैशाखमसान्त पछि योजना सम्झौता तथा पेश्की दिएको पाइयो । कार्यविधिको पालना हुन नसक्नु नै यसको कारण रहेको देखिन्छ । आर्थिक वर्षको अन्तयमा योजना सम्झौता भई कार्यान्वयन गर्नाले पूर्वाधार निर्माणका कार्यको हतारहतारमा कार्य हुन गई गुणस्तर तथा विश्वसनियतामा शंका उत्पन्न हुनसक्ने देखिन्छ । कार्यविधिको परिधि भित्र नरही यसप्रकार भएका खर्चहरु नियमित देखिएन ।

<table>
<tr><th>भौ.नं. र मिति</th><th>आयोजनाको नाम</th><th>लागत अनुमान</th><th>सम्झौता मिति</th><th>सम्पन्न रकम</th><th>पेश्की दिएको</th></tr>
<tr><td>४८०-२०७०/३/२३</td><td>सुडालखोलामा बाटो ढलान</td><td>५१४०५०.००</td><td>२०७०/३/२०</td><td>-</td><td>१३२०००.००</td></tr>
<tr><td>५०४-०७१/३/२९</td><td>ल कलेज ठिमी बाटो ढलान</td><td>२००१७६.००</td><td>२०७०/३/२०</td><td>२०२७१.००</td><td>१०००००.००</td></tr>
<tr><td>४९६-०७१/३/२३</td><td>पशु स्वास्थ्य शिविर</td><td>१०००.००</td><td>२०७०/३/२०</td><td></td><td>सम्पन्न</td></tr>
<tr><td>५०२-०७१/३/२९</td><td>कुण्डोल भगवती मार्ग सडक निर्माण</td><td>१८८२८९.००</td><td>२०७०/३/२०</td><td>१५००००.००</td><td>सम्पन्न</td></tr>
<tr><td></td><td>जिविस कोष पूँजीगततर्फ १८ योजना</td><td>४२२८६१९.९२</td><td>२०७०/३/२०</td><td>४२१६११२.००</td><td>सम्पन्न</td></tr>
</table>

</td><td></td><td></td><td></td></tr>
<tr><td>४४</td><td></td><td>

**आनुपातिक कट्टी :** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम १५५(ढ) मा उपभोक्ता समितिको योगदान भन्दा कम काम सम्पन्न भई रनिङ्ग वील र मूल्यांकन प्राप्त भएकोमा सोही अनुरुप स्थानीय निकायबाट व्यहोरिने रकमलाई पनि सोही अनुपातमा कम गरी भुक्तानी गरिने व्यवस्था छ । कार्यालयले धिमलाटोल खानेपानी योजना, झौखेलसँग रु १७३८६७०० को कार्यको लागि जिल्ला विकास समितिले १ लाख व्यहोर्ने गरी सम्झौता गरेकोमा सो कामको लागि नापी अनुसार रु १४५९४२।०० को लागतमा सम्पन्न भएकोमा कार्यालयले आनुपातिक कट्टी नगरी सम्झौताबमोजिम नै भुक्तानी गरेको देखियो । कामको मूल्यांकनलाई विचार नगरी भुक्तानी हुनु यसको कारण रहेको छ । यसप्रकार नियमावली अनुसार आनुपातिक कट्टी नगरेकोले बढी भुक्तानी हुन गएको रकम सम्बन्धितबाट असूल गर्नुपर्ने रु

</td><td>१६०६१.००</td><td></td><td></td></tr>
</table>

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| ४५ | | **विद्युत रोयल्टी :** विद्युत विकास विभागको अख्तियारी पत्र अनुसार उर्जा उत्पादनसँग सम्बन्धित क्षेत्रलाई प्राथमिकता दिई खर्च गर्ने गरी कार्यालयलाई रु ५६००००००।०० अख्तियारी प्राप्त भएको देखिन्छ । कार्यालयले यसरी प्राप्त रकम उर्जा उत्पादनसँग सम्बन्धित कार्यक्रम नै नबनाई २०७०।१२।२० को निर्णयबाट ५२ वटा सडक मर्मत योजना छनौट गरी पुरै रकम खर्च गरेको छ । अख्तियारी प्रदान गर्ने निकायले जुन प्रयोजनको लागि रकम दिएको हो सो बमोजिम कायृक्रम नबनाउनु उर्जा उ त्पादनप्रति अनुदार रहनु यसको कारण रहेको छ । निकासा भएको रकम सम्बन्धित क्षेत्रमा खर्च नगर्नाले उर्जा उत्पादनको आारशीला खडा नहुने र आत्मनिर्भर कदापी नहुने स्थिति रहन्छ । जुन उद्देश्यका लागि रकम प्राप्त भएको हो सोही क्षेत्रको विकासमा योगदान पुग्ने गरी कार्यक्रम बनाई खर्च गर्नुपर्ने देखियो । | | | |
| ४६ | | **आर्थिक सहायता :** स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को बुँदा १३(४) मा स्थानीय निकायमा निर्वाचित प्रतिनिधि बहाली नभएसम्म वा अर्को व्यवस्था नभएसम्म सचिवले स्थानीय निकायको चालू तथा पूँजीगत रकमबाट कुनै प्रकारको आर्थिक सहायता चन्दा पुरस्कार एवं संस्थागत अनुदान तथा सहयोग वितरण गर्न नपाउने व्यवस्था छ । कार्यालयले प्रस्तुत शिर्षकबाट रु ५००००।०० रकम छुट्याई रु ३०६५५।०० खर्च लेखेको देखियो । कार्यविधिको पालना नगर्नु यस्तो खर्च गनुको कारण रहेको छ । यस प्रकार खर्च गर्नाले पूँजीगत बजेट पूर्वाधार निर्माणमा परिचालन हुन नसकी विकास निर्माणका कार्यहरु सम्पन्न हुन धेरै समय लाग्ने तथा बढी लागत लाग्ने सम्भावना रहन्छ । कार्यविधिको व्यवस्था प्रतिकुल यस्तो आर्थिक सहायता वितरण गर्न बन्द गर्नुपर्ने तथा लेखिएको खर्च नियमसम्मत नभएको रु | ३०६५५.०० | | |
| ४७ | १५२-२०७१/३/१० | **सम्झौता नगरी रकम उपलब्ध गराएको :** एक निकायबाट अर्को निकायमा कार्यक्रम सञ्चालन गर्न दिदा कामको प्रस्ताव कार्यसम्पन्न भएपछि गर्नुपर्ने प्रतिवेदन अनुगमनको व्यवस्था समेत समावेश गरी कार्यक्रम कार्यानवयनको लागि रकम दिनुपर्दछ । समितिले मध्यपुर थिमि नगरपालिका र भक्तपुर नगरपालिकाहरुमा फाहोर व्यवस्थापन कार्यक्रम सञ्चालन गर्न रु २००००००।०० उपलब्ध गराएको देखियो । यसरी रकम उपलब्ध गराउँदा कार्यक्रम कार्यान्वयन गर्ने सम्बन्धमा कामको लागत, ति निकाय र जिविसबाट प्राप्त हुने रकमको सहलगानी स्थिति तथा कार्यक्रम लिएको पाइएन । साथै, यसरी उपलब्ध गराएको रकमबाट सम्पन्न हुने कार्यको लागि जिविसले अनुगमन समितिको व्यवस्था नगरेको र अनुगमन भएको समेत पाइएन । यसप्रकार ति निकायबाट कार्यसम्पन्न नगरेको अवस्था सम्म पनि निकायका नाममा पेश्की समेत नजनाई सिधै रकम उपलब्ध गराएको पाइएको हुँदा उक्त रकम नियमित प्रक्रियाबाट खर्च भएको विश्वस्त हुने आधार नलिई खर्च जनाउन मिल्ने नदेखिएको रु | २००००००.०० | | |

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं.र मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td></td><td>जिविस अनुदान पूँजीगत</td><td></td><td></td><td></td></tr>
<tr><td>४८</td><td>१५२-२०७१/३/१०</td><td>मुल्य अभिवृद्धि कर समेतको भुक्तानी : स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम १५५(न) मा उपभोक्ता समितिले गरेको कार्यको तथा खरिद गरिएका सामाग्रीको बील भरपाई कानून बमोजिम लेखापरीक्षण गराउने व्यवस्था छ । सोही नियमावलीको नियम १५५(ग) मा मूल्य अभिवृद्धिकर समावेश हुने अवस्था भएमा सो समेत समावेश गरी लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले ०७०।७१ को जिल्ला दररेट अनुसार डोजरबाट माटो काट्ने कामको लागत प्रति घ.मि. ७३।३५ कायम गरी धैरैजसो योजनामा सोही अनुसार भुक्तानी दिएको छ भने कतिपय योजनामा उक्त दरमा मूल्य अभिवृद्धि कर जोडी प्रति घ.मि.८२।९१ ले लागत अनुमान स्वीकृत गराई भुक्तानी दिएको छ ।<br>यस प्रकारको दरको भुक्तानी गर्दा कुनै पनि योजनाका उपभोक्ता समितिले डोजर प्रयोग गरेको वीलभरपाई पेश गरेको पाइएन । डोजरको प्रयोग गरेको वील भरपाई पेश नहुँदा मूल्य अभिवृद्धि कर तिर्नु परे नपरेको अवस्था खुल्न आएन । अत उपभोक्ता समितिलाई उक्त दरमा मूल्य अभिवृद्धि कर भुक्तानी दिन मिल्ने देखिएन ।<br>प्रमाण प्राप्त नहुने अवस्थामा मूल्य अभिवृद्धि कर समावेश गरी लागत अनुमान तयार गर्नु यसको कारण रहेको छ । यसले गर्दा वास्तविक भुक्तानी दिनुपर्ने भन्दा बढी रकम उपभोक्ता समितिलाई भुक्तानी हुन गउकोले यसरी भुक्तानी भएका सबै कार्यको छानविन गरी असुल गर्नुपर्दछ । यसप्रकार भुक्तानी भएका केही उदाहरण देहायअनुसार छन् :
<table>
<tr><th>योजनाको नाम</th><th>कार्य परिमाण</th><th>बढी दर</th><th>बढी भुक्तानी</th></tr>
<tr><td>लाकुरी भञ्ज्याङ्ग दोबाटो जाने सडक</td><td>१४०.६८</td><td>९.५४</td><td>१३४२.०८</td></tr>
<tr><td>गुण्डु किसिडोल नगरकोटी टोल सडक</td><td>८३.०५</td><td>९.५४</td><td>९७२.३०</td></tr>
<tr><td>चित्तपोल ठडगाउँ सडक</td><td>१६६९.६०</td><td>९.५४</td><td>१५९२७.९८</td></tr>
<tr><td>सिपाडोल सूर्यविनायक सडक</td><td>९४४.१०</td><td>९.५४</td><td>९००६.७१</td></tr>
</table></td><td></td><td></td><td></td></tr>
<tr><td>४९</td><td></td><td>सम्भाव्यता अध्ययन : नयाँ निर्माण गरिने योजनाहरु आवश्यकता, त्यसबाट हुने प्रतिफल समेतको विश्लेषण नगरिदा लाभ लागतमा पर्ने असरको सम्बन्धमा विश्वस्त भई योजना सञ्चालन गर्न उपयुक्त भए नभएको यकिन गर्ने प्रयोजनको लागि सम्भाव्यता अध्ययन गर्नुपर्दछ । कर्यालयले स्थानीयको माग अनुसार सडक ट्र्याक खोली यातायात सञ्चालन भई रहेका २ योजना (बाखाबजार सरस्वती खेल सडक २.८ किमि र व्यासी झौखेल सडक २.३ किमि) मा परामर्शदाता वि.एस.इन्जिनियरिङ्गद्वारा सिधै गराई रु १४९७८१।५० भुक्तानी गरेको पाइयो ।</td><td></td><td></td><td></td></tr>
</table>

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | सडक निर्माण भई यातायात समेत सञ्चालन भई सकेको स्थानको सम्भाव्यता अध्ययन आवश्यक नै नहुनेमा खर्च लेखेको छ । यसो हुनुमा जिविसको न्यूनत्तम शर्त तथा कार्यसम्पादन मापनमा यो कायृ नगरे सो मापनबाट जिविसको कार्यक्षमता नदेखिने कारण यो कार्य गर्नुपरेको कारण उल्लेख गरेको छ । आवशयक नै नभएका कार्य गराई खर्च लेख्ने कार्यले अनुत्पादक तथा फजुल खर्च बढ्न गई अन्य विकास निर्माणका कार्यमा प्रभाव परेको देखिन्छ । यसप्रकार आवशयक नभएको कार्यमा खर्च लेख्ने कार्य बन्द गर्नुपर्दछ । | | | |
| | | **स्थानीय शान्ती समिति** | | | |
| ५० | | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको मिति २०७०।१०।२३ मा प्राप्त अख्तियारीसाथ संलग्न रहेको बजेट खर्च गर्ने निर्देशनको दफा ६(ख) मा गाउँ स्तरी शान्ती समितिले वार्षिक कायृक्रम प्रस्ताव गरी समितिबाट निर्णय गराई सो को प्रतिलिपि अख्तियारी प्राप्त अधिकारीसमक्ष पेश गर्नुपर्ने र सो को जानकारी जिल्लास्तरीय शान्ती समितिलाई दिनुपर्ने उल्लेख छ । यसैगरी, निर्देशनको बुँदा ६(ग) मा अख्तियारी प्राप्त अधिकारबाट कार्यक्रम स्विकृत भएपछि कार्यतालिकाअनुसार कार्यान्वयन गर्नुपर्ने र कार्यसम्पन्न भएको प्रतिवेदन जिविस, जिल्ला शान्ति समिति र मन्त्रालयमा पठाउनुपर्ने उल्लेख छ । यसैगरी, कार्यक्रम सञ्चालनका लागि पेश्की दिई सम्बन्धित शिर्षकमा खर्च गरेको बील भरपाइ समेत पेश गर्नुपर्ने व्यवस्था छ । जिविसले उपरोक्तानुसार बुँदा ६(ख) ग का प्रक्रिया पुरा नगरी तथा पेश्की समेत नजनाई नगरकोट, वागेश्वरी, सुडाल, ताथली, नंखेल, कटुञ्जे, दधिकोट र सिरुटारलाई रु २२०००।०० का दरले रकम पठाएको छ । निर्देशिकाको अध्ययनबेगर कार्यालयलाई प्राप्त रकम गाविसमा पठाएको छ । यसले गर्दा कार्यक्रमअनुसार खर्च भए नभएको यकिन भएन । पेश्की समेत नजनाई लेखेको खर्च सम्बन्धित गाविसका नाममा पेश्की जनाई कार्यविधिअनुसारको प्रक्रियाबाट खर्च गर्नुपर्ने देखिएको रु | १७६०००.०० | | |
| | | **स्थानीय निकाय वित्तिय आयोग(३६५१०६३)** | | | |
| ५१ | ४-०७०/११/२ | गाउँस्तरीय न्यूनत्तम शर्त मापन प्रशिक्षण कार्यक्रममा सहभागी प्रशिक्षकहरुले प्राप्त गरेको भत्ता रु १९५००।०० मा १५ प्रतिशत कर कट्टा गरी सम्बन्धितलाई भुक्तानी गरेको छ । उक्त रकम पुरे खर्च लेखिसकिएको तर कार्यक्रम सञ्चालन गर्नेबाट लेखापरीक्षण अवधिसम्म पनि सो रकम सम्बन्धित राजस्व शिर्षकमा दाखिला नगरेकोले असुल हुनुपर्ने रु | २९२५.०० | | |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| ५२ | | **बेरुजु सम्परीक्षण** – स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ अनुसार कार्यालयले बेरुजूको सम्परीणका लागि कारवाही गरी फछ्र्यौट गर्नूपर्ने व्यवस्था छ । कार्यालयले लेखापरीक्षण अवधिमासम्परीक्षणका लागि पेश गरेको रु ६३४९८६।०० मध्ये निम्न व्यहोरा अनूसार सम्पुर्ण सम्परीक्षण गरीएको छ ।<br>आ.व.०६९।७० तर्फ | | | |

| क्र.सं | दफा | फर्छ्यौट सम्बन्धी समग्र व्यहोरा | | |
|---|---|---|---|---|
| | | वेरुजुको छोटकरी विवरण | फछ्र्यौटको व्यहोरा | |
| | | | रकम | ब्यहोरा |
| १ | १३ | आ.व.को अन्तको पेश्की | ३०४९८६.०० | पन्चकन्या ट्रस पुल निर्माण योजनाको पे.फ. |
| २ | १३ | आ.व.को अन्तको पेश्की | १६५०००.०० | वागेश्वरी, नगरकोट र छालिंग तरकारी संकलन केन्द्रको लागि सम्झौता बमोजिम चेक काटेकोमा सो फिर्ता भएकोले पे.फ. |
| ३ | १३ | आ.व.को अन्तको पेश्की | १६५०००.०० | भक्तपुर न.पा. पाइपलाइन सडक योजनाको रकम फिर्ता दाखिला भएकोले पे.फ. |
| | | जम्मा | ६३४९८६०.०० | |

सम्पीक्षण भएको बेरुजूको लगत कट्टा गरी जानकारी पछि पठाइने छ । यसरी फछ्र्यौट गर्न बांकी रहेको बेरुजू स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ अनुसार कारवाही गरी फछ्र्यौट गर्नूपर्ने देखिन्छ ।